भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१



विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर
The Worker Daily दैनिक


- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

वर्ष : २६ ★ अङ्क : ५१ ★ ने. सं. ११४४ चिल्ला थ्व, चतुर्थी/पञ्चमी ★ बिहीबार ★ १ चैत, २०८० ★ March 14, 2024, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## प्रम दाहालको नेका र एमालेलाई एक भएर देखाउन हाँक

काठमाडौँ, ३० फागुन । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाको विश्वास प्राप्त गर्न प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा प्रस्तुत प्रस्तावबारे बोल्दै प्रधानमन्त्री पद व्यक्तिको इच्छाभन्दा पनि पार्टीको दृष्टिकोण भएको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा सत्ता गठबन्धनका दलहरूको नीति तथा दृष्टिकोणमा तात्त्विक भिन्नता नभएको हुँदा प्रधानमन्त्री दाहाललाई पार्टीले विश्वासको मत नदिने निर्णय गरेको जानकारी गराउनुभयो ।



नेपालीलाई भाडाको सिपाही बनाउने गोर्खा भर्तीकेन्द्र, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने नेपाल-भारतबिचको सन् १९५० को सन्धि, अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता, अमेरिकी सेनाले नेपाली सेनाको ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी कार्यक्रम खारेज गर्नुपर्ने उल्लेख गर्दै सांसद सुवालले प्रधानमन्त्री दाहालद्वारा प्रस्तुत विश्वासको प्रस्तावमा मत दिन्न पक्षमा दस्तखत गर्नुभयो ।

प्रधानमन्त्री दाहालले विश्वासको मत माग्दै बैठकमा माओवादीले नेकाका शेरबहादुर देउवालाई दुईपटक प्रधानमन्त्री बनाएको, नेकाले माओवादी (आफूलाई) एकपटक प्रधानमन्त्री बनाएको, नेकाको माओवादीविरुद्ध विश्वासघातको जगमा एमालेसँगको पाँचदलीय गठबन्धन बनेको, नेकाले माओवादी (मलाई) बेइमान भनी आरोप लगाएको, एमालेले आफूलाई प्रधानमन्त्री बनाए पनि राष्ट्रपतिमा नेकाका रामचन्द्र पौडेललाई जिताएको, तत्पश्चात् नेकासँग गठबन्धन गर्दा विश्वासघात नहुने, अहिले एमालेसँग गठबन्धन गर्दा कसरी धोखेबाज हुन्छ ? धोखाको आरोप एमालेले माओवादीलाई लगाउन मिल्ने, नेकाले लगाउन नमिल्ने, एक्लै निर्वाचन लडेर बहुमत ल्याउन नेकालाई चुनौती दिनुभयो ।

प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीमा जानेलाई ऋण दिने, उपलब्धि नभए प्रम पदमा नबस्ने उल्लेख गर्दै प्रमुख विपक्षीमा बस्ने पार्टीले निहुँ खोजे शान्ति प्रक्रिया कसरी टुङ्गिएला भनी नेकासँग प्रश्न गर्नुभयो ।

एमालेका केपी ओलीले प्रम दाहालको मन्तव्य चित्तबुझ्दो भएको, एमालेको समर्थनमा माओवादीका दाहाल प्रधानमन्त्री भएको, विदेशीले बनाएको होइन, १४ महिनाअघि पनि आफूले समर्थन गरी दाहाललाई प्रधानमन्त्री बनाएको, त्यतिबेला मत नमागे पनि नेकाले प्रधानमन्त्री दाहाललाई मत दिएको, यसपटक किन दिन नहुने ? २०७० सालमा एमालेले नेकालाई प्रधानमन्त्री बनाएको तर सहमतिअनुसार नेकाले एमालेलाई प्रधानमन्त्री नबनाएको, उल्टो प्रमको उम्मेदवार बनेर जोरी खोजेको, नेका इमानै इमानको खानी होइन, दुई महिनापछि माओवादी - नेका गठबन्धन बन्दा अस्थिर नहुने अहिले १४ महिनापछि एमाले-माओवादी गठबन्धनबाट अस्थिर कसरी हुन्छ भन्नुभयो ।

नेकाका सांसद विश्वप्रकाश शर्माले माओवादीको मतले नेका पहिलो भएको भनेझैँ नेकाको मतले माओवादी तेस्रो भएको किन बिर्सियो भन्ने प्रश्न गर्दै माओवादीसँग सोधेर नेकाले आफ्नो महासमितिको दस्तावेज तयार नगर्ने, आफ्नै आँगनमा गिडिएको बाबुका छोराछोरीलाई समेत माओवादीलाई मत हाल्न लगाएको, मङ्सिर ४ को गठबन्धनविपरीत विश्वासको मत मागेको माओवादीको घात नै हो, प्रेम थियो भने धोका हुने थिएन, धोका भएकै हो भने त्यो प्रेम नै थिएन भन्नुभयो ।

सांसद शर्माले माधवकुमार नेपालको नाम उच्चारण गर्दा कुला गर्ने ओली अहिले माधवसँग टाँस्न पुगेको र पुराना दललाई बहिष्कार भन्ने रास्वपा पुरानै दलसँग मन्त्री खान गएको उल्लेख गर्नुभयो ।

सांसद शर्माले जाडो लागे सूर्य र गर्मी लागे रूखसँग जाने माओवादीलाई विश्वासको मत दिन नसक्ने उल्लेख गर्दै यसअघि हिन्दू राष्ट्र, राजतन्त्र बोकेको राप्रपासँग गठबन्धन सरकार बनाउने माओवादीले नेकाको महासमितिमा स्टल राखेर हिन्दू राज्यमा दस्तखत गरायो भनी काङ्ग्रेसलाई प्रश्न गर्न कसरी मिल्छ, अभियोग लागेका रविलाई मन्त्री बनाउन कसरी मिल्छ भन्नुभयो ।

राप्रपाका राजेन्द्र लिङ्देनले आफ्नो पार्टीलाई अछुटजस्तो व्यवहार गरेको, गणतन्त्रलाई लुटतन्त्र बनाएको उल्लेख गर्दै प्रम दाहाललाई विश्वासको मत नदिने बताउनुभयो ।

रास्वपाका स्वर्णिम वाग्लेले नेकाले रास्वपालाई प्रधानमन्त्रीको प्रस्ताव गरी एमालेसँग गठबन्धनमा जान रोक्न खोजेको उल्लेख गर्दै आफ्नो पार्टी सामाजिक न्यायसहितको उत्पादन र संवैधानिक समाजवादमा विश्वास गर्ने बताउनुभयो ।

जसपा (उपेन्द्र यादव) का सांसद राजकिशोर यादवले सहयात्रीको कारण प्रमको पद धरापमा पर्नुपर्नेमा प्रमको कारण सहयात्री धरापमा परेको, पाँच दलको आठ बुँदाको सहमतिमा मधेसको विषय नउठेको, लोकतन्त्रलाई ४-५ जना शासक नेताको आलोपालोमा राखेको, तीन ओटा प्रदेशमा प्रदेश प्रमुख फेरियो तर मधेसी नपरेको उल्लेख गर्दै प्रम दाहाललाई मत दिने बताउनुभयो ।

माओवादीको तर्फबाट महेन्द्रराय यादवले नेकासँग चुनाव गठबन्धनको कारण माओवादीको ५२ स्थानबाट ३२ स्थानमा घटेको उल्लेख गर्दै माओवादी र नेकाको गठबन्धन अप्राकृतिक भएको हुँदा गोत्र मिलेको एमालेसँग प्राकृतिक गठबन्धन बनेको बताउनुभयो ।

नेकपा एसका राजेन्द्र पाण्डेले एमालेभित्र विद्रोह गरेर आएको आफ्नो पार्टीलाई प्रम दाहालले बिचमा छाडेर एमालेसँग गठबन्धन गरेको अनैतिकता भएको उल्लेख गर्दै ओली र देउवा मिले प्रधानमन्त्री दाहालको हालत के हुने हो भनी प्रश्न गर्नुभयो ।

जनमतका सीके राउतले गौर नरसंहारमा महिलाको गोप्य अङ्गमा लाठी-भाला रोपेका उपेन्द्र यादवको पार्टीसँग सत्ता गठबन्धन गरेको हुँदा माओवादीका प्रम दाहाललाई मत नदिने बताउनुभयो ।

लोसपाका रामप्रकाश चौधरीले प्रम दाहाललाई मत नदिने बताउनुभयो भने नागरिक उन्मुक्ति पार्टीका रञ्जिता चौधरीले प्रम दाहाललाई समर्थन गर्ने बताउनुभयो ।

राजमोका चित्रबहादुर केसीले प्रम दाहाललाई मत नदिने घोषणा गर्नुभयो । २०७९ को निर्वाचनमा राजमो नेका र माओवादीको गठबन्धनमा लागेर बाग्लुङबाट केसी जित्नुभएको थियो ।

सांसद प्रभु साहले प्रमको आलोचना गरे पनि मत दिने बताउनुभयो ।

सांसद अमरेशकुमार सिंहले संविधान असफल भए प्रम दाहाललाई जेल कोचिने बताउँदै प्रम दाहाललाई समर्थन गर्नुभयो ।

सांसद योगेन्द्र मण्डलले प्रम दाहालको आलोचना गरे पनि मत दिने बताउनुभयो ।

प्रम दाहालले जवाफ दिने क्रममा एमाले र नेकालाई माओवादीविरूद्ध एक भएर देखाउन चुनौती दिनुभयो भने विरोध गरी समर्थन गरेका जसपा, एसलगायतलाई ठीक लागे पक्षमा मत दिनु बेठीक लागे नदिनु भनी सिधै चेतावनी दिनुभयो ।

मतदानमा प्रधानमन्त्री दाहालको पक्षमा १५७ र विपक्षमा ११० मत परेको थियो ।

## विश्वासको मतको आधार
## पद होइन, सही काम हुनुपर्ने

काठमाडौँ, ३० फागुन । राजनीतिक दलले प्रधानमन्त्रीलाई विश्वासको मत सरकारले गरेको कामको आधारमा दिनुपर्ने हो । तर, यहाँ सरकारको सही मूल्याङ्कन नगरी सरकारमा सहभागी हुने र गर्ने लोभमा राजनीतिक दलका नेताहरू विश्वासको मत दिन्छन् । सरकारमा सामेल भएर मन्त्री बन्ने र मन्त्री बनेको आधारमा विश्वासको मत दिनु के न्यायोचित हो ? सरकारको नेतृत्व गर्ने दलले पनि विश्वासको मत पाउन नै सरकारमा सहभागी हुन र एकपछि अर्को मन्त्री थप्ने काम गर्छ । विश्वासको मत पाउने आधार मन्त्री पद मान्नु सच्चा राजनीति होइन । मन्त्रीको लोभमा विश्वासको मत दिनु पनि सही राजनीति होइन । पद र पैसाको राजनीति गर्ने होइन भन्दाभन्दै ती दलका नेताहरू पद र पैसासँगै जोडिन पुग्छन् । नयाँ सत्ता र समीकरणसँगै सरकारमा नयाँ दलहरू सामेल हुँदा त्यो सरकारले सबैलाई खुसी पार्ने नाममा सही दिशा निर्देश गर्नसक्दैन । भएको बजेट, नीति तथा कार्यक्रम पनि पूरा गर्न पाउँदैन । यसले योजना समयमा लागु हुँदैन र देशको विकासमा बाधा पर्छ ।

फागुन ३० गते प्रकाशित 'नागरिक' दैनिकमा 'जनमतमा गिर्दै सत्तामा टिक्दै माओवादी' शीर्षकको समाचार छापियो । समाचारमा प्रधानमन्त्री पुष्पकमल दाहालले जनताको मात्र होइन प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलहरूको पनि विश्वास गुमाउँदै गएको उल्लेख छ । सत्तामा टिक्न पाएपछि, सरकारको नेतृत्व लम्ब्याउन पाएपछि गर्व गर्ने, बहादुर ठान्ने शासकहरूको अल्पबुद्धिले देश लथालिङ्ग भइरहेको छ । सरकारको यस्तै यस्तै कमजोरीको फाइदा बिचौलिया, ठेकेदार, भ्रष्टाचारी, कालाबजारी, जालीफटाहा, विदेशी दलालहरूले लिइरहेका छन् । सरकारमा सामेल दलका नेताहरू पनि कुनै न कुनै आपराधिक गतिविधिमा संलग्न रहेको कारण सरकारको चर्को आलोचना र विरोध भइरहेको छ । 'नागरिक' दैनिककै सोही दिनको पत्रिकामा 'सुन तस्करसँग अर्थमन्त्री पुनकै सम्पर्क !' शीर्षकको समाचार छापियो । समाचारमा सुन तस्करीमा पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन परिवारकै संलग्नताबारे प्रश्न उठेको बेला अर्थमन्त्री वर्षमान पुनको पनि सुन तस्करहरूसँगको सम्पर्क रहेको उल्लेख छ । ब्युरो स्रोतले लिएको कल डिटेल रेकर्डमा अर्थमन्त्री पुनको सुन तस्करीमा संलग्न जीवनकुमार गुरुङसँग पटक पटक फोन गरेको देखाइएको छ । अनुसन्धानको क्रममा हिरासतमा रहेको गुरुङले वर्षमान पुनसँग कुराकानी भएको स्वीकारेको पनि सो समाचारमा उल्लेख छ । सोही पत्रिकामा 'गृहमन्त्रीप्रति नै विश्वस्त छैनन् मिटरब्याज पीडित' शीर्षकको समाचारमा पीडितले चकलेट होइन न्याय मागेको समाचार छापियो । न्यायको याचनामा देशको पूर्वदेखि पश्चिम कुनाबाट २५ दिनको पैदल मार्च गरी राजधानी छिरेका मिटरब्याज पीडितले अब न्यायको लागि आन्दोलन गर्नुपर्दैन, सरकारले तपाईंहरूलाई न्याय दिन भनी गृहमन्त्री रवि लामिछानेले चकलेट बाँडेको खबर छापियो ।

जसपाका अध्यक्ष उपेन्द्र यादव फेरि उपप्रधान तथा स्वास्थ्यमन्त्री बनेका छन् । उनीविरुद्ध २०६३ चैत ७ गते २८ जनाको निर्मम हत्याको आरोप छ । 'गौर हत्याकाण्ड' को न्याय निरुपण गर्न सरकारले २०८० साउन २३ गते पीडित सङ्घर्ष समितिसँग पाँचबुँदे सम्झौता गरे पनि जसपाको अवरोधबाट त्यो कार्यान्वयनमा आएको छैन । सत्ता फेरिँदाको असर विकास निर्माणमा पनि परिरहेको कुरा बेलाबखत

बाँकी पृष्ठ ८

## कामदारवर्गले राजनीति नगरेसम्म यथास्थितिमा परिवर्तन नहुने

कैलाली, ३० फागुन । ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा बुधबार बोराडाँडी, कैलालीमा कार्यकर्ता भेला तथा छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले पुँजीवादी शासक दलहरूको विरोधमा कामदार वर्गले राजनीति सुरु नगरेसम्म यथास्थितिमा परिवर्तन नहुने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "हामीलाई दुःखको दलदलमा धकेल्ने शासक दलहरू हाम्रा शत्रु हुन्; त्यो दलबाट निकाल्न लागिपर्ने नेमकिपा जनताको साँचो मित्र हो ।"

शत्रु र मित्र चिनेर पनि शत्रुको विरोध र मित्रलाई साथ नदिँदा देश नरहने अवस्था आए आफू पनि भागीदार हुनुपर्ने उहाँले बताउनुभयो ।

केन्द्रीय सदस्य थापामगरले भन्नुभयो, "जनतालाई चुनावमा पटक पटक धोका दिने दलहरूले संसद्मा विदेशीका इसारामा आफ्नो स्वार्थ पूरा गर्न विश्वासको मत मागिरहेका छन् । बोली र व्यवहार उल्टो देखाउने, देश र जनताको अहितमा काम गर्ने दलहरूलाई नेमकिपाले विश्वासको मत नदिने निर्णय गरेको छ ।"

"नाम फरक भए पनि पुँजीवादी सरकारमा जाने दलहरूको काम एउटै छ । जनताको राजनीतिक चेतनाले नै त्यस्ता विश्वासघाती दलहरूलाई किनारा लाउनेछ", उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपा कामदार जनताको भविष्य सुनिश्चित हुने समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको बताउनुभयो ।

पुँजीवाद र समाजवादको भेदबारे जनतालाई स्पष्ट पार्नुपर्ने आवश्यकता औँल्याउँदै समाजवादी व्यवस्थामा उत्पादनका मुख्य मुख्य साधन र स्रोत सार्वजनिक हुने, शिक्षा-स्वास्थ्य निःशुल्क हुने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुने, रोजगारीको सुनिश्चितता हुने बताउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरूङले विद्यालयमा पाठ्यपुस्तकको पढाइ हुन्छ तर समाजबारे नपढाइनाले नयाँ नयाँ समस्या आइरहेको बताउनुभयो ।

नेक्राविसङ्घ शिक्षा, स्वास्थ्य निःशुल्क, अनिवार्य र वैज्ञानिक शिक्षाको बन्दोबस्त गर्न र शिक्षालाई उत्पादन श्रमसँग जोड्ने व्यवस्था ल्याउन सङ्घर्षरत रहेको उहाँले बताउनुभयो ।

स्वास्थ्यकर्मी रविना सुवालले महिलाको स्वास्थ्य राम्रो भए परिवारलाई कम दुःख हुने भएकोले रोग लाग्नुभन्दा पहिले नै सतर्कता अपनाउन नियमित स्वास्थ्य परीक्षण गराउन सुझाव दिनुभयो ।

कार्यक्रममा नेमकिपा कैलालीका अध्यक्ष रमेश रावल र बोराडाँडी नेक्रामसङ्घका नन्दा रानाले पनि बोल्नुभएको थियो ।

उपभोक्ता अधिकारको रक्षा गरौं ।

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ।

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# अन्तरनगर महिला कबड्डी प्रतियोगिता दोस्रो दिन पनि जारी






भक्तपुर, फागुन ३० । भक्तपुर नपाको आयोजनामा मङ्गलबारबाट सुरू भएको अन्तर नगर महिला कबड्डी प्रतियोगिताअन्तर्गत बुधबार विराटनगर महानगरपालिका र बुटवल उपमहानगरपालिकाबिच भएको खेलमा बुटवल उपमहानगरपालिकाले विराटनगर महानगरपालिकालाई ६४-२२ अङ्कले पराजित गऱ्यो । उक्त खेलमा बुटवल उपमहानगरपालिकाका विष्णु सोमरी मगर म्यान अफ द म्याच घोषित भए ।

त्यस्तै मेलौली नपा र पोखरा महानगरपालिकाबिच भएको खेलमा मेलौली नपाले पोखरा महानगरपालिकालाई ४३-२२ पराजित गऱ्यो । सो खेलमा पोखरा महानगरपालिका होममाया खप्तड मगर म्यान अफ द म्याच घोषित भए ।

भीमदत्त नपा र बनेपाबिचको खेलमा भीमदत्तले बनेपालाई ६९-१६ अङ्कले पराजित गऱ्यो । उक्त खेलमा मानमती विष्ट म्यान अफ द म्याच घोषित भए ।

काठमाडौँ महानगरपालिका र मध्यपुर थिमि नगरपालिकाबिच भएको खेलमा ६५-२५ ले काठमाडौँ महानगरपालिकाले जित हासिल गऱ्यो । उक्त खेलमा काठमाडौँ महानगरपालिकाका पुनम कार्की म्यान अफ द म्याच घोषित भए ।

विराटनगर महानगर नपा र गोदावरी नपाबिचको खेलमा विराटनगरले गोदावरीलाई ३९-२३ अङ्कले पराजित गऱ्यो । उक्त खेलमा विराटनगर महानगर नपाका रोजिना खवास म्यान अफ द म्याच घोषित भए ।

बुटवल नपा र महाकाली नपाबिचको खेलमा बुटवलले महाकालीलाई ५९-२४ अङ्कले पराजित गऱ्यो । उक्त खेलमा बुटवल नपाका सृजना थारू म्यान अफ द म्याच घोषित भए ।

बुटवल नपा र महाकाली नपाबिचको खेलमा बुटवलले महाकालीलाई ५९-२४ अङ्कले पराजित गऱ्यो । उक्त खेलमा बुटवल नपाका सृजना थारू म्यान अफ द म्याच घोषित भए ।

सिद्धिचरन नपा र पोखरा महानगरपालिकाबिचको खेलमा पोखराले सिद्धिचरलाई ७९-१७ अङ्कले पराजित गऱ्यो । उक्त खेलमा पोखरा नपाका आशिका नेपाली म्यान अफ द म्याच घोषित भए ।

कीर्तिपुर नपा र बनेपा नपाबिचको खेलमा कीर्तिपुरले बनेपालाई ३५-३२ अङ्कले पराजित गऱ्यो भने उक्त खेलमा कीर्तिपुरका नितु सुनार म्यान अफ द म्याच घोषित भए ।

त्यस्तै मेलौली नपा र कलैया नपाबिचको खेलमा मेलौली नपाले जित हासिल गऱ्यो । मेलौलीले कलैयालाई ६१-१३ ले पराजित गरेको उक्त खेलमा मेलौली नपाका रविना चौधरी म्यान अफ द म्याच घोषित भए ।

काठमाडौँ महानगरपालिका र भक्तपुर नगरपालिकाबिच भएको खेलमा भक्तपुरले काठमाडौँलाई ४३-२९ अङ्कले पराजित गऱ्यो । उक्त खेलमा भक्तपुरका इशा सैजु म्यान अफ द म्याच घोषित भए ।

# हालसम्म ६५९ गर्भवती तथा सुत्केरीको हवाई उद्धार

काठमाडौँ, ३० फागुन (रासस) । हालसम्म ज्यान जोखिममा परेका छ सय ५९ गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरिएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट कार्यान्वयन भइरहेको राष्ट्रपति महिला सशक्तीकरण परियोजनाअन्तर्गत राष्ट्रपति महिला उत्थान समन्वय एकाइ प्रमुख नीता शर्माले आर्थिक वर्ष २०७५/७६ देखि चालु आव २०८०/८१ को फागुन २८ सम्ममा सो सङ्ख्यामा गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको उक्त परियोजनाअन्तर्गत हवाई उद्धार गरिएको हो ।

महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हकको कार्यान्वय गर्न, नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने गर्भवती तथा सुत्केरीको अवस्था, कारण र सम्भाव्य जोखिम वा मृत्युबाट बचाउन, सुरक्षित प्रसूति सेवा तथा नवजात शिशुलाई सुरक्षित मातृत्व सेवा उपलब्ध गराउने उद्देश्यले हवाई उद्धार कार्यक्रम सञ्चालन गरिएको एकाइ प्रमुख शर्माले बताउनुभयो ।

मन्त्रालयको तथ्याङ्कलाई प्रदेशगत रूपमा हालसम्म कोशीका एक सय ९०, वाग्मतीका एक सय दुई, गण्डकीका ३४, लुम्बिनीका १२, कर्णालीका दुई सय १७ र सुदूरपश्चिम प्रदेशका एक सय चार गरी ६ सय ५९ जना गर्भवती तथा सुत्केरी महिलाको उद्धार भएको छ ।

आव २०७५/७६ मा जम्मा २६ जनाको उद्धार भएको थियो । उक्त आवको प्रदेशगत विवरणअनुसार कोशीका पाँच, वाग्मतीका तीन, गण्डकीका तीन, लुम्बिनीका एक, कर्णालीका १३ र सुदूरपश्चिम प्रदेशका एक जना महिलाको हवाई उद्धार गरिएको मन्त्रालयले जनाएको छ ।

आव २०७६/७७ मा ८७, आव २०७७/७८ मा एक सय तीन, आव २०७८/७९ मा एक सय ६९, आव २०७९/८० मा एक सय ६७ र चालु आवको फागुन २८ गतेसम्म मुलुकभरबाट एक सय सात गरी ६ सय ५९ ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सडक यातायातको सहज पहुँच नपुगेका, तोकिएका दुर्गम हिमाली तथा पहाडी क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीलाई लक्षित गरी हवाई यातायातमार्फत नजिकका 'आमा सुरक्षा कार्यक्रम' लागू भएका सरकारी अस्पतालमा उपचारका लागि पुऱ्याउँदै आएको छ ।

ताप्लेजुङ, सङ्खुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, मनाङ, मुस्ताङ, रूकुमपूर्व, रूकुमपश्चिम, जाजरकोट, डोल्पा, कालीकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, अछाम र दार्चुला गरी १९ जिल्लामा पूर्णरूपमा हवाई उद्धार कार्यक्रम सञ्चालन भइरहेको छ ।

हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७ बमोजिम हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पतालसम्म आएका महिलाको यातायात खर्चका लागि एकमुष्ट रू. २० हजार उपलब्ध गराउँदै आइएको राष्ट्रपति महिला उत्थान समन्वय एकाइ कार्यालयले जनाएको छ ।

# वाग्मती प्रदेशसभा बैठक: विशेष समितिको प्रतिवेदन पारित

मकवानपुर, ३० फागुन (रासस) वाग्मती प्रदेशसभाको बुधबार बसेको बैठकले आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम व्यवस्थापन समितिको प्रतिवेदन सर्वसम्मतिबाट पारित गरेको छ ।

उक्त बैठकमा विशेष समितिको प्रतिवेदनमाथि छलफलमा सहभागी हुँदै प्रदेशसभा सदस्य केशवप्रसाद पोखरेलले प्रदेशमा सुशासन कायम गर्न, जनताप्रति जवाफदेहीता बढाउन र सन्तुलित बजेटका लागि सो प्रतिवेदन सबैको साझा दस्तावेज भएको बताउनुभयो ।

उक्त अवसरमा प्रदेशसभाका सदस्य मधुकुमार श्रेष्ठले प्रदेश सरकारलाई बजेटमा पारदर्शिता अपनाउन र निष्पक्ष ढङ्गबाट जनताका आधारभूत आवश्यकतालाई परिपूर्ति गर्न सुझाव दिनुभयो ।

अर्का सदस्य भरतबहादुर केसीले प्रदेश सरकारले बजेट विनियोजन गर्दा जनताप्रति जवाफदेही हुनेखालका योजनालाई उच्च प्राथमिकतामा राख्नुपर्ने र सत्तापक्ष वा मन्त्री भएपछि जिल्लामा धेरै बजेट पार्न सकिन्छ भन्ने भावना त्याग्नुपर्ने बताउनुभयो ।

वाग्मती प्रदेशसभाको अर्को बैठक अर्को सूचना प्रकाशन नभएसम्मको लागि स्थगित भएको छ ।

# ललितकलामा युवाको बढ्दो आकर्षण

अन्नपूर्ण (कास्की), ३० फागुन । "मैले अक्षरभन्दा पहिले चित्र बनाउन सिकेको हुँ", लमजुङका झवीन्द्र गुरुङ विगत सम्झनुहुन्छ । उहाँले पढाइसँगै चित्रकलालाई अगाडि बढाउनुभयो । अहिले उहाँको जीवन धान्ने पेसा ललितकला बनेको छ ।

ललितकलाले उहाँको खर्च चलेको छ । "सानैबाट चित्रकलामा रुचि थियो, विसं २०५८ मा एसएलसी दिएपछि फाइनआर्ट पढ्न पोखरा झरे, पोखरामा ललितकला पढ्ने ठाउँ भेटिन", झवीन्द्रले भन्नुभयो, "कक्षा ११ र १२ मा व्यवस्थापन सङ्काय पढेँ, त्यसपछि ललितकलाका गुरु आलोक गुरुङसँग भेट भयो, उहाँसँग नै चित्रकलाको ज्ञान लिएँ ।" चित्रकार आलोक गुरुङसँगको भेटपछि आफ्नो सीपमा झनै निखारपन आएको झवीन्द्रले सम्झनुभयो ।

झवीन्द्र अहिले ललितकलामै व्यस्त हुनुहुन्छ । पानीरङ्ग हुँदै सुरु भएको उहाँको ललितकला अहिले 'एक्रेलिक' चित्रमा पुगेको छ । मागअनुसार उहाँले जस्तो खालको पनि चित्र कोर्नुहुन्छ । "अहिले मेरो दैनिकी नै 'आर्ट' बनेको छ, यसैबाट मेरो जीवन धानिएको छ", उहाँले भन्नुभयो, "मागअनुसार चित्र बनाउँछु अनि बेच्छु, अहिलेसम्म कति बेचियो भन्ने यकिन तथ्याङ्क नै छैन, मैले एउटा चित्र रु. एक लाखसम्ममा बेचेको छु ।"

पोखरालाई कार्यक्षेत्र बनाउनुभएका झवीन्द्र पछिल्लो समय ललितकलामा युवाको आकर्षण बढेको बताउनुहुन्छ । "कुनै समय कला क्षेत्रमा लाग्नेहरूले निकै सङ्घर्ष गर्नुपर्थ्यो, अहिले स्कुलमा पनि यसको पढाइ हुन्छ", उहाँले भन्नुभयो, "आजभोलि जुनसुकै ठाउँमा चित्र बनाउन पाउँछन्, अर्कोतर्फ विद्यालयमा शिक्षण पेसा गर्न पाउने अवसर पनि छ, यसकारण यो क्षेत्रमा युवाको आकर्षण निकै बढेको पाएको छु ।"

पोखराका अर्का चित्रकार निशान थापा पनि चित्रकलाले घरखर्च चलेको बताउनुहुन्छ । उहाँ पोखराका विद्यालयमा चित्रकला पढाउनुहुन्छ । पोखरामा चित्रकला पढाउने शिक्षक २५ जना हाराहारीमा रहेको उहाँले बताउनुभयो । "अहिले पोखराका अधिकांश विद्यालयमा चित्रकला पढाइ हुन्छ, त्यहाँ चित्रकला पढाउने शिक्षक अधिकांश युवा नै हुनुहुन्छ," चित्रकार निशानले भन्नुभयो, "चित्रकला पढाउनका लागि 'पार्टटाइम' शिक्षक राख्ने चलन छ, यसले गर्दा पोखराम २५ जना जतिले रोजगारी पाएका छौँ ।"

अवसरका कारण ललितकला क्षेत्रमा युवाको आकर्षण बढे पनि टिक्न समस्या रहेको चित्रकार निशान सुनाउनुहुन्छ । "सिक्न चाहने युवा धेरै नै छन् तर यही क्षेत्रमा टिकाइरहन समस्या छ", उहाँले भन्नुभयो, "उनीहरूलाई यो क्षेत्रमा टिकाउन सरकारले बेलाबेलामा ललितकला प्रदर्शनी गरिदिनुपर्छ अनि प्रोत्साहनका लागि कार्यक्रम ल्याउनुपर्छ ।"

युवा अवस्थाका झवीन्द्र र निशान जस्तै पोखराका धेरै युवा ललितकलालाई पेसा बनाएर लाग्नुभएको छ । उहाँहरूले यही पेशाबाट आफ्नो दैनिकी चलाइरहनुभएको छ । वरिष्ठ 'कार्टुनिस्ट' दुर्गा बराल 'वात्स्यायान' आफ्नो पालामा भन्दा अहिले कलाकार बढिरहेको बताउनुहुन्छ । पोखरामा ललितकला क्षेत्रमा युवाको आकर्षण बढेको देख्दा खुसी लागेको उहाँले सुनाउनुभयो ।

"पहिले हामीले कलाकारको एउटा संस्था गठन गर्ने भनेर पोखराभरि कलाकार खोज्दा १० जना पनि पुऱ्याउन मुस्किल भएको थियो", वात्स्यायानले विगत सम्झनुभयो, "कमसेकम ११ जनाको संस्था बनाउने भनेको आखिरमा सातजना जम्मा भएर संस्था गठन गरेका थियौँ ।" अहिले त्यस्तो अवस्था नरहेको वात्स्यायानले बताउनुभयो । उहाँका अनुसार पोखरामा स्थापना भएको सृजनशील कलाकार समूहमा ६० जनाभन्दा बढी सदस्य रहेका छन् । यसबाहेक पोखरामा नयाँ पुराना अनि विद्यार्थी कलाकार सबै गन्दा पाँच सयको हाराहारीमा पुग्ने उहाँले सुनाउनुभयो ।

ललितकला क्षेत्रमा युवाको आकर्षण बढिरहेको अवस्थामा सरकारी र निजी क्षेत्रबाट ललितकलाको गतिविधि बढाउनुपर्ने वात्स्यायानले सुझाव दिनुभयो । "आर्ट ग्यालरी स्थापना गरिदिने अनि कलाकृति बिक्री कक्ष स्थापना गरिदिने, म्युजियम राखिदिने हो भने अझै राम्रो हुन्छ", उहाँले भन्नुभयो, "यी क्षेत्रहरूमा सरकारले लगानी गरिदिने हो भने ललितकलामा गतिविधि बढ्नाका साथै यो क्षेत्रमा आकर्षण झनै बढ्छ ।"

ललितकला क्षेत्रमा युवाको आकर्षण बढ्दो रहेकाले गण्डकी प्रदेशमा गण्डकी प्रज्ञा-प्रतिष्ठान स्थापना भएदेखि नै कला क्षेत्रलाई विशेष महत्व दिइरहेको गण्डकी प्रज्ञा-पतिष्ठानका कुलपति सूर्य खड्काले बताउनुभयो । देशलाई चिनाउने सहज माध्यम कलाकारिताका भएकाले वरिष्ठदेखि भर्खर यो क्षेत्रमा लागेकाहरूको प्रोत्साहनका लागि पुरस्कार अर्पण गर्दै आएको कुलपति खड्काले बताउनुभयो ।

# बोलाछेँमा किसान भेला

भक्तपुर, २९ फागुन । नेपाल क्रान्तिकारी किसान सङ्घ भनपा ४ वडा बोलाछेँ भेगीय समितिको आयोजनामा किसान भेला भयो ।

भेलामा नेक्राकिसङ्घ नगर समितिका अध्यक्ष गंगाराम ज्याख्वले चैत ३ गते नेक्राकिसङ्घ नगर समिति भक्तपुरको सम्मेलन हुने जानकारी दिँदै नेमकिपाको प्रमुख जग भनेकै किसान, मजदुरको सङ्गठित एकता हो भन्नुभयो ।

सङ्घले पुस्तौँदेखि जमिन जोतेका वास्तविक जोताहरूले मोहीयानी हकको व्यवस्था हुनुपर्ने आवाज बुलन्द गर्दै आएको उहाँले बताउनुभयो ।

देशका सरकारी कलकारखाना निजीकरण गरेको कारण स्वदेशमा रोजगारको समस्या भई नेपालीहरू बिदेसिन बाध्य पार्ने नेपाल सरकार विस्तारवादी भारतको पिछलग्गू हो भन्नुभयो ।

भेलामा नेमकिपा नगर समितिका अध्यक्ष उपेन्द्र सुवाल र स्थानीय हरिसुन्दर सुवालले पनि बोल्नुभएको थियो ।

समितिका अध्यक्ष विश्वराम त्वायनाको सभापतित्वमा भएको सो कार्यक्रममा सचिव राजकुमार त्वायनाले पनि बोल्नुभएको थियो ।

# बजेट अभावमा प्रदेश प्रहरी अस्पताल अलपत्र

लेखनाथ (कास्की) ३० फागुन: पोखरा महानगरपालिका-७ मुस्ताङचोकमा चार वर्षदेखि निर्माणाधीन गण्डकी प्रदेश प्रहरी अस्पताल बजेट अभावमा अलपत्र परेको छ। सेवारत एवं भूपु प्रहरी र उनीहरूका परिवारको औषधि उपचार गर्ने उद्देश्यले विस २०७७ मा निर्माण सुरु गरिएको उक्त अस्पतालको भवन निर्माण आवश्यक बजेट बिनियोजन नहुँदा पूरा हुन नसकेको हो ।

उक्त अस्पतालको भवन निर्माणमा रु. ६ करोड लागतको अनुमान गरिए पनि पछिल्लो दुई आर्थिक वर्षयता गण्डकी प्रदेश सरकारले बजेट विनियोजन नगर्दा निर्माणले गति लिन नसकेको हो । गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव तीर्थ भट्टराईले भने क्रमागत रूपमा निर्माणसम्पन्न गर्ने भनिएको अस्पताल भवन निर्माणका लागि चालु आवमा रु. एक करोड छुट्याइएको जानकारी दिनुभयो । एघार रोपनी क्षेत्रफलमा फैलिएको उक्त अस्पतालले चार वर्षदेखि टिनको टहराबाट सेवा प्रवाह गर्दै आएको छ ।

अस्पताल निर्माणका लागि आज २०७७/७८मा प्रदेश सरकारले रु. एक करोड बीस लाख छुट्याएको भए पनि त्यसपछि गत आवसम्म बजेट विनियोजन गरिएको थिएन । नेपाल प्रहरीको आफ्नै जग्गामा जस्ता पाताले निर्माण गरिएको भवनमा अहिले दैनिक ४०-५० जनाले सेवा लिँदै आएका छन् ।

अस्पतालका कार्यालय प्रमुख तथा प्राविधिक प्रहरी नायव उपरीक्षक डा. रामप्रसाद शर्माका अनुसार अस्थायी रूपमा सञ्चालनमा ल्याइएको अस्पताल भवनबाट ओपिडी, फार्मेसी, ल्याव, आपतकालीन, थेरापी, भिडियो एक्सरे, एक्सरे र सामान्य शल्यक्रियालगायतका सेवा प्रवाह हुँदै आएको छ ।

निर्माणधीन अस्पताललाई क्रमागत भन्दा पनि बहुवर्षीय रूपमा निर्माण गर्ने गरी योजना बनाएको भए बजेट प्राप्त गर्न सजिलो हुने उहाँको भनाइ छ । पन्ध्र शय्याको उक्त अस्पतालमा प्राविधिकसहित ३३ जना कर्मचारी कार्यरत छन् । अस्पतालल भवनले पूर्णता पाएपछि ५० शय्यामा स्तरोन्नति हुनेछ ।

प्रहरी सङ्गठन कास्कीका पूर्वसचिव सिद्धि रेग्मीले निर्माणाधीन अस्पताल जतिसक्दो चाँडो निर्माणसम्पन्न गर्न सङ्गठनले पनि दबाब दिइरहेको बताउनुभयो । अस्पताल निर्माणपछि प्रहरी र उनीहरूका परिवारसँगै सर्वसाधारणले पनि सेवा लिनसक्ने उहाँको भनाइ छ । रासस



**झोलुङ्गे पुलले घटाएको पालिकाको दूरी**

गुल्मीको धुर्कोट गाउँपालिका-५ अन्तर्गत राङ्दल चौरदेखि वस्तुको विचित्र गुफा जोड्ने झोलुङ्गे पुल । तीन सय ७० मिटर लामो उक्त पुल निर्माण भएसँगै इस्मा गाउँपालिका र धुर्कोट गाउँ पालिकाका नागरिकलाई आवतजावत गर्न थप सहज पुगेको छ । *तस्बिर : जनार्दन घिमिरे/रासस*

# अरुण तेस्रोको ७० प्रतिशत काम सकियो

किमाथाङ्का, (सङ्खुवासभा) ३० फागुन । सङ्खुवासभामा निर्माणाधीन नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाको काम ७० प्रतिशत पूरा भएको छ । आयोजनाको बाँध, सुरुङ र विद्युत्गृहको ७० प्रतिशत काम सम्पन्न भएको हो ।

आयोजनाको मकालु गाउँपालिका-५ स्थित फ्याक्सिन्दा दोभानमा बाँध धमाधम निर्माण भइरहेको छ । जम्मा २५ लाख ५६ घनमिटर खनेर बाँध निर्माण गर्नुपर्नेमा हाल २५ लाख ४८ हजार घनमिटर खनिसकिएको सतलज जलविद्युत् निगमका प्रमुख कार्यकारी अधिकृत अरुण धिमानले राससलाई



जानकारी दिनुभयो । बाँधस्थलबाट विद्युत् गृहसम्मको ११ किलोमिटर सुरुङ यसअघि नै खुलिसकेको छ ।

यसैगरी चिचिला गाउँपालिका-३, पुखुवा दोभानमा धमाधम विद्युत्गृह निर्माण भइरहेको छ । परियोजनामा कुनै अवरोध नभएमा अबको करिब दुई वर्षमा सम्पूर्ण निर्माण सम्पन्न हुने बताइएको छ । परियोजना सम्पन्न भइसकेपछि मात्र स्थानीयले शेयर पाउने परियोजना विकास सम्झौता (पीडीए) मा व्यवस्था गरिएको छ ।

परियोजनाले व्यावसायिक उत्पादन गर्न थालेको एक वर्षभित्र स्थानीयलाई शेयर दिने पीडीएमा उल्लेख गरिएको छ । पीडीएअनुसार परियोजनाबाट रु. एक अर्ब ६० करोड स्थानीयलाई शेयर दिइने छ ।

करिब एक खर्ब चार अर्ब लागत अनुमान गरिएको परियोजनाबाट नेपाललाई २१ प्रतिशत निःशुल्क विद्युत् प्राप्त हुने छ भने विभिन्न शीर्षकमा तीन खर्ब ४८ रुपियाँ आर्थिक लाभ मिल्ने छ । विद्युत् उत्पादनपछि प्रत्यक्ष प्रभावित परिवारले प्रतिमहिना ३० युनिटसम्म विद्युत् निःशुल्क प्राप्त गर्ने छन् । निर्माण सम्पन्न भएको २५ वर्षपछि परियोजना नेपाल सरकारलाई हस्तान्तरण गर्ने पीडीएमा उल्लेख गरिएको छ । अरुण तेस्रो परियोजनामा नेपाली भारतीयसहित चार हजार कामदार कार्यरत छन् ।

जलविद्युत् उत्पादनको केन्द्र मानिएको सङ्खुवासभाको अरुण नदीमा अहिले चार वटा ठूला जलविद्युत् आयोजना निर्माणको चरणमा छन् । किमाथाङ्का अरुण, माथिल्लो अरुण, अरुण तेस्रो र तल्लो अरुण परियोजना निर्माण भएपछि तीन हजार ८४ मेगावाट बिजुली उत्पादन हुनेछ ।

अरुण तेस्रोकै ढाँचामा सतलजले तल्लो अरुण ६ सय ६९ मेगावाट निर्माणका लागि मुआब्जा वितरणको तयारीमा छ । यी दुवै आयोजनाबाट नेपालले २१ प्रतिशत विद्युत् निःशुल्क पाउने छ । माथिल्लो अरुण एक हजार ६३ मेगावाटको विद्युत् आयोजना निर्माणको जिम्मा भने नेपाल विद्युत् प्राधिकरणले पाएको छ । आयोजनाका लागि भोटखोलामा दुई हजार पाँच सय रोपनी जग्गा अधिग्रहण गरिसकेको छ । किमाथाङ्का अरुणबाट चार सय ५४ मेगावाट बिजुली निस्कन्छ । यसका लागि दुई सय ९० रोपनी जग्गा अधिग्रहण भइसकेको छ ।

# सामुदायिक विद्यालयमा भर्ना हुने छात्राको खातामा एक हजार

तनहुँ, ३० फागुन । आँबुखैरेनी गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने छात्राको बैङ्क खाता खोलिदिने भएको छ । आगामी शैक्षिक सत्रदेखि सामुदायिक विद्यालयमा भर्ना हुने सबै छात्राका नाममा गाउँपालिकाले न्यूनतम रु. एक हजार मौज्दात भएको बैङ्क खाता खोल्न लागेको हो ।

सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण गर्दै गुणस्तर शिक्षाका लागि गाउँपालिकाले यस किसिमको अभियान अघि बढाएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । गाउँपालिकाले सामुदायिक विद्यालयमा छात्राको आकर्षण बढाउनका लागि छात्रा बचत खाता सञ्चालन कार्यक्रम ल्याउन लागिएको गाउँपालिका अध्यक्ष चुमानले जानकारी दिनुभयो ।

"शैक्षिक सत्र २०८१ बाट गाउँपालिकाले यो कार्यक्रम लागू गरिनेछ", उहाँले भन्नुभयो, "विशेष गरेर छात्राहरूको वर्तमान र भविष्यका लागि सहयोग पुर्‍याउने लक्ष्यअनुरूप यस किसिमको योजना ल्याइएको हो ।" उक्त कार्यक्रमले सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्नाका साथै छात्रामा सानैदेखि बचत गर्ने बानीको समेत विकास हुने विश्वास लिइएको उहाँले बताउनुभयो ।

विद्यालयमा सञ्चालित शिक्षासँग उत्पादन कार्यक्रमबाट विद्यार्थीले गरेको आम्दानीलाई बचतमा जोड्ने लक्ष्य राखिएको छ । कार्यक्रमका लागि सुरुआती चरणमा करिब रु. २५ लाख बजेट लाग्ने अनुमान गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकामा ३५ सामुदायिक विद्यालय छन् । उक्त विद्यालयमा करिब दुई हजार बढी छात्रा अध्ययनरत छन् ।

यसैगरी, गाउँपालिकाभित्र कार्यरत सम्पूर्ण शिक्षक र विद्यालय कर्मचारीका आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा अनिवार्य पढाउने निर्णय गरेको छ । सामुदायिक विद्यालयका प्रधानाध्यापकको हालै बसेको बैठकले सामुदायिक विद्यालयको शिक्षा सुधारको अभियानमा साथ दिन सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गर्नुपर्ने निर्णय गरिएको हो ।

गाउँपालिकाका अनुसार आगामी शैक्षिक सत्रदेखि आफ्ना सन्तानलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा अध्ययन गराउनुपर्ने निर्णय गरेको छ । सामुदायिक विद्यालयको शैक्षिक सुधारअन्तर्गत गाउँपालिकाका सबै जनप्रतिनिधिका छोराछोरी अनिवार्य रूपमा सामुदायिक विद्यालयमा भर्ना गरिएकामा यस वर्ष सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीलाई अनिवार्य भर्ना गर्नुपर्ने निर्णय गरिएको हो ।

सामुदायिक विद्यालयमा लगानी गरे अनुरूपको प्रतिफल प्राप्त नभएकाले सुधारका लागि दबाब दिने उद्देश्यअनुरूप सामुदायिक विद्यालयमा पढाउनुपर्ने निर्णय गरिएको अध्यक्ष चुमानले बताउनुभयो । शैक्षिक गुणस्तर वृद्धि गर्न र सामुदायिक विद्यालयप्रतिको जनविश्वास जगाउनका यस निर्णयले थप सहयोग पुग्ने विश्वास गरिएको उहाँले जानकारी दिनुभयो ।

गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि जनप्रतिनिधि, कर्मचारी, शिक्षकलगायत छोराछोरी सामुदायिक विद्यालयमै पढाउनुपर्ने, विद्यालयमा गाडीको व्यवस्था, सामुदायिक विद्यालयमा छोराछोरी पढाउने अभिभावकको स्वास्थ्य बीमा, कर छुटका काम गर्दै आएको छ । रासस

# झिमरुकमा निःशुल्क शिक्षाले क्याम्पस पढ्ने बढे

स्वर्गद्वारी (प्यूठान), ३० फागुन । झिमरुक गाउँपालिकाले स्नातक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरेपछि विद्यार्थीको आकर्षण बढेको छ । झिमरुक गाउँपालिका-५ मच्छिमा रहेको गौमुखी क्याम्पसमा पढ्ने विद्यार्थीलाई शिक्षा र भर्ना शुल्कमा छुट दिएपछि विद्यार्थीको सङ्ख्या वृद्धि भएको क्याम्पसले जनाएको छ ।

गत वर्ष क्याम्पसको पहिलो वर्षमा भर्ना भएका विद्यार्थीको सङ्ख्या ५३ रहेकामा यस वर्ष वृद्धि भई एक सय ४५ जना पुगेको गौमुखी क्याम्पसका क्याम्पस प्रमुख शेरबहादुर जिसीले जानकारी दिनुभयो । झिमरुक गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत गौमुखी क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्ने नीति तथा कार्यक्रम लिएको थियो । सो कार्यक्रमले क्याम्पसमा स्नातक अध्ययन गर्न विद्यार्थीलाई आकर्षित गरेको क्याम्पस प्रमुख जिसीले बताउनुभयो ।

क्याम्पस प्रमुख जिसीका अनुसार विद्यार्थीले प्रथम वर्षमा रु. तीन हजार पाँच सय ५०, दोस्रो र तेस्रो वर्षमा रु. तीन हजार र चौथो वर्षमा रु. दुई हजार पाँच सय भर्ना शुल्क र मासिक रु. आठ सयका दरले शिक्षा शुल्क बुझाउनुपर्दथ्यो । झिमरुक गाउँपालिकाको सहयोगपछि सो शुल्क पूर्ण रूपमा छुट गरिएको छ । क्याम्पसले भने फर्निचर र व्यवस्थापन भन्दै वार्षिक रु. एक हजार लिने गरेको छ । क्याम्पस प्रमुख जिसीले भन्नुभयो, "व्यवस्थापन र प्रयोगात्मक परीक्षा शुल्क विद्यार्थीले व्यहोर्नुपर्ने भए पनि भर्ना र शिक्षा शुल्क पूर्णरूपमा छुट हुँदा विद्यार्थी राहत पुगेको छ ।" २०६३ सालमा स्थापित गौमुखी क्याम्पसमा शिक्षा र व्यवस्थापन सङ्कायअन्तर्गतका विषयमा पढाइ हुन्छ ।

क्याम्पसभर जम्मा दुई सय ७० जना विद्यार्थी रहेका छन् । निःशुल्क शिक्षाले महिलालाई उच्च शिक्षाको पहुँचमा ल्याउन थालेको छ । पहिलो वर्षमा भर्ना भएका एक सय ४५ जना विद्यार्थीमध्ये एक सय ३० जना छात्रा रहेको क्याम्पसको तथ्याङ्क छ । प्रथम वर्षको रजिष्ट्रेसन सुरु नभएकाले विद्यार्थी सङ्ख्या अझै वृद्धि भई एक सय ७० जनाको अनुमान गरिएको जिसीको भनाइ छ ।

यस वर्षपछि वृद्धि हुन थालेपछि क्याम्पस सञ्चालनमा समेत सहयोग पुग्ने विश्वास गरिएको छ । आयस्रोतविहीन बस्तीमा निःशुल्क पठनपाठनले विद्यार्थीलाई सहज र पहुँच वृद्धि गरिदिएको झिमरुक गाउँपालिका-५ ओखरकोटका स्थानीयवासी दलबहादुर जिसीले बताउनुभयो । झिमरुक गाउँपालिकाले स्नातक तहमा निःशुल्क शिक्षाका लागि गत आर्थिक वर्षमा रु. २५ लाख बजेट विनियोजन गरेको गाउँपालिकाका अध्यक्ष पितबहादुर महतरा क्षत्रीले जानकारी दिनुभयो । क्याम्पसलाई बर्सेनि अनुदान दिँदै आइरहेको भए पनि यस वर्षबाट गाउँपालिकाले स्नातकसम्मको शिक्षा निःशुल्क गर्ने योजनाअनुसार बजेट व्यवस्था गरेको उहाँले बताउनुभयो ।

गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा रु. २५ लाख र आर्थिक वर्ष २०८०/८१ मा रु. २५ लाख उपलब्ध गराइसकेको छ । विद्यार्थी सङ्ख्याअनुसार थप व्यवस्था मिलाउने गाउँपालिकाको योजना रहेको छ । गौमुखी क्याम्पसमा अध्ययन गर्ने जुनसुकै पालिकाका विद्यार्थीको हकमा निःशुल्क हुने अध्यक्ष महतराको भनाइ छ । रासस

। सम्पादकीय ।

# दल र संस्थाहरू सचेत हुनुपर्ने केही विषय

हरेक पार्टी कार्यकर्ता एक सङ्गठन वा समितिको मातहतमा काम गर्ने गर्छन् । तल्लो समिति माथिल्लो तहको मातहतमा रहने गर्छ । पार्टीका सबै समितिहरू पार्टी केन्द्रीय समितिको मातहत र रेखदेखमा काम गर्छन् । पार्टीका हरेक वर्गीय सङ्गठनका केन्द्रीय समिति र पेसागत सङ्गठनहरू पार्टी केन्द्रीय समितिको मातहत र रेखदेखमा कार्य गर्छन् ।

कहीँकहीँ पार्टीका सबभन्दा तल्लो समिति वा सेलको जिम्मेवार व्यक्ति वा सदस्यसमेत स्वतन्त्ररूपले अध्ययन गोष्ठी, साहित्य समिति, सङ्गीत वा खेलकुद समितिको सञ्चालनमा संलग्न भएका छन् । तर, ती समितिहरूको गतिविधिको रिपोर्ट पार्टी समितिमा पुग्दैन । पार्टी कार्यकर्ताहरू ती समितिहरू पार्टी सङ्गठनअन्तर्गत काम गरिरहेको सम्झने गर्छन् । तर, ती समितिका गतिविधि र त्यसमा काम गर्ने व्यक्तिहरू पार्टी गतिविधिविपरीत देखिएको हुनाले प्रश्न स्वाभाविकरूपले उठ्ने गर्छ ।

ती समितिका केही गलत तत्त्वहरूले पार्टीको समानान्तर ढङ्गले काम गर्ने मनसाय राखेर काम गरेको अनुभव पार्टी साथीहरूले देखे तथा अपजस सबै पार्टीलाई आउने र सफलतामा तिनीहरूको योग्यताको रूपमा लिने व्यवहारले देखे र सम्झे । सानातिना सफलता देखेपछि तिनीहरू आफूलाई पार्टीभन्दा फरक, स्वतन्त्र समिति र व्यक्तिको रूपमा अभिव्यक्ति दिन थाल्छन् ।

पार्टीमै रहेका केही व्यक्तिहरूले काम नसिकेसम्म तथा पार्टीका साथीहरूसँग परिचय नभएसम्म पार्टीमा रहने तथा आफूहरू पार्टी क्रियाकलाप र आवश्यक जानकारीपछि अलग्गै व्यापारसँग सम्बन्धित स्वतन्त्र गतिविधिमा रहे । अरुको आँखामा पार्टीको समिति भनी फाइदा लिने तर ती समितिले पार्टीसँग समानान्तररूपमा काम गर्दै गरेको देखियो । यस्ता स्वतन्त्र समितिको उद्देश्य र मनसाय वर्गशत्रुलाई राम्रै जानकारी हुने तर पार्टीकै साथीहरूले पटक्कै शङ्का नगर्दा तिनीहरूले भित्रभित्र सङ्गठनमा फाटो ल्याउने काम गर्दै गरेको जानकारी भएको नयाँ विषय होइन ।

ती स्वतन्त्र समितिहरूले केही सय र हजार रूपैयाँ प्रतिव्यक्ति राखेर सहकारी र ढुकुटीजस्तै ऋण लिने र ब्याज दिने काम गरेको देखियो । टोलटोल र गाउँगाउँमा देखिएको त्यस अर्धभूमिगत संस्थाहरूले विदेशी धर्म र गैरसरकारी संस्थाहरूसँग सम्पर्क राख्ने र तिनीहरूकै शाखा बनेर जनतालाई विश्वासघात त गर्ने होइन भन्ने शङ्का उब्जिन थालेको छ ।

ती सङ्गठनका मातहतमा चियापसल, पुस्तक पसल, फलफुल पसल, कापीकलम (किराना पसल) औषधि पसल आदि राख्ने गरेको बताइन्छ । ती संस्थाहरूले तास, जुवा खेल्न लगाएको वा खेलेको सूचना र समाचार आएको छैन बरु पिकनिक र विदेशमा घुमफिर गर्ने गरेको जानकारी जनतालाई छ ।

सम्भवत: अर्को निर्वाचनसम्ममा ती समूहहरू 'घण्टी', 'लट्ठी', केही प्रतिगामी राजनीतिक समूह वा राप्रपा र अन्य दक्षिणपन्थी राजनीतिक दलहरूको भित्री संस्थाको रूपमा काम गर्न पुग्ने अनुमान गरिँदै छ । दक्षिणपन्थी दलहरूले निर्वाचनमा प्रत्यक्ष पैसा बाँड्नुभन्दा यस्ता समूहहरूलाई एकमुष्ट रकम दिएर 'भोट बैङ्क' बनाउने सम्भावना देखेका छन् ।

# वैदेशिक रोजगारीको नाममा चेलिबेटी बेचबिखन गर्नेहरूलाई मृत्युदण्डको सजाय हुनु जरुरी

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्न पेस गर्नुभएको प्रस्तावमाथि छलफलको क्रममा आफ्नो धारणा राख्नुभयो । उहाँले राख्नुभएको विचारको सार-सं)*

देहायका विषयमा सभामुखमार्फत प्रधानमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु :-

- राजनीतिक दल एउटा दर्शन र एउटा वर्ग आधारमा स्थापना हुन्छ । दर्शन र वर्ग आधार मिल्ने राजनीतिक दलहरूबिच निर्वाचन र सत्ता गठबन्धन गर्नु स्वाभाविक होला । देशको प्राथमिकताबिना प्रधानमन्त्री र मन्त्री खानकै निम्ति सिद्धान्तहीन निर्वाचन एवम् सत्ता गठबन्धन गर्नु हिमालयमा चिप्लेटी खेल्नुजस्तै हो ।
- नेपालीलाई भाडाको सिपाही बनाउने गोर्खा भर्तीकेन्द्र र नेपालको सुरक्षा मामिला भारतलाई जिम्मा लगाएको सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नुपर्दछ । अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता र अमेरिकी सेना आएर नेपाली सेनाको ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी खारेज गर्नु जरुरी छ । सित्तैमा वा अनुदानमा आयो भनेर विष खानु हुँदैन । विदेशी नागरिकता लिएकालाई गैरआवासीय नेपाली नागरिकता दिनु, जन्मको आधारमा विदेशीले पाएको नेपाली नागरिकता खारेज नगरी तिनका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिनु, समलिङ्गी विवाह गर्न लगाउनु देशको हितमा हुनेछैन ।
- विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा नि:शुल्क गर्नुपर्दछ । शैक्षिक परामर्श संस्थाको नाममा ठगी गर्नेहरूलाई कारबाही गर्नुपर्दछ । युवालाई स्वदेशमा रोजगारीको व्यवस्था हुनुपर्दछ । वैदेशिक रोजगारीको नाममा भइरहेको चेलीबेटी बेचबिखन र खर्बौं रुपैयाँ ठगी गर्ने म्यानपावर कम्पनीका सञ्चालकहरूलाई अविलम्ब जेलमा थुन्नुपर्दछ । मानव अधिकारविरुद्ध गम्भीर अपराध गर्ने, सार्वजनिक जग्गा, कमलपोखरी, जङ्गल, निजी गर्ने गराउने, नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने, अन्तर्राष्ट्रिय विमानस्थललाई सुन तस्करको केन्द्र बनाउनेहरूलाई संविधान संशोधन गरी मृत्युदण्डको सजायसमेत दिने कानुन जरुरी छ । यस्ता अपराधीलाई मृत्युदण्डको सजाय हुने प्रावधान २०४७ सालमा नेकाका कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले हटाएको हुँदा अहिले अपराधीहरूको मनोबल बढेको हो ।
- सरकारले भ्रष्टाचारी किटान नगर्ने अनि भ्रष्टाचार नियन्त्रण कसरी हुन्छ ? मजदुरलाई परिवार पाल्न सक्ने पारिश्रमिकको व्यवस्था हुनुपर्दछ ।
- देशको सन्तुलित विकास नगरिँदा सङ्घीय राजधानी काठमाडौँ उपत्यका र प्रदेश राजधानीमा बसाइँसराइ बढ्दो छ । काठमाडौँ उपत्यकाको उर्वरभूमिमा दैनिक १० हजार हाराहारीको टिपर गाडीमा ढुङ्गा, गिटी, बालुवा, आसपाल खन्याइँदै छ । चुरे दोहन रोक्नु पर्दछ । विषादी भएको दाल, चामल, तरकारी भारतबाट आयात गरेर देश आत्मनिर्भर हुनेछैन । एउटा बस्ती वरिपरि त्यहाँको पर्यावरणीय सन्तुलन र खेतीपातीको लागि आवश्यक जग्गा राखी ७७ जिल्लामा सहर विकास गरिए देशको सन्तुलित विकास हुनेछ । यसको लागि सङ्घीय राजधानी काठमाडौँबाट दाङमा सार्नु उपयुक्त हुनेछ । बसाइँसराइ जिल्लाभित्र सीमित गर्नु आवश्यक छ ।
- कमैया, कमलरी र जोताहा किसानलाई मोहियानी हक दिनुपर्छ । सरकारले गुठीको देवस्व अर्बौं अर्ब रूपैयाँ प्रशासनिक खर्चमा सिध्याउनु हुँदैन । गुठीको जग्गा र भवन संरक्षणमा सरकार लागेन । गुठी जग्गा किसानको हितमा रैतानी गर्नुपर्दछ ।
- इलामको पशुपतिनगर, सप्तरीको लालपट्टि र तिलाठी, नवलपरासीको सुस्तादेखि टनकपुर, कालापानी, लिम्पियाधुरासम्मको भारत अतिक्रमित ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि फिर्ता लिएर नेपाल-भारत खुला सीमा बन्द गर्नुपर्दछ । खुला सीमा बन्द नगरिएसम्म नेपाली नागरिकताको समस्या समाधान हुनेछैन । नेपाली भूमि कालापानीबाट भारतीय सेना तत्काल फिर्ता पठाउनुपर्दछ ।
- मिटरब्याज पीडित, लघुवित्त पीडित, सहकारीमा राखिएको बचत ठगीमा पारिएका पीडित, दूधको भुक्तानी नपाएका किसान, उखुको भुक्तानी नपाएका किसानको समस्या समाधान गर्न पीडितसँग सहमति र कार्यदल गठन गरेर पुग्दैन । सरकारले पीडकलाई कारबाही गरेर देखाउनु जरुरी छ ।
- प्रधानमन्त्रीले जन्मभूमि नेपाललाई धरतीमाता, नेपाली जनतालाई ईश्वर र देश र जनताको सेवा नै धर्म ठान्नु पर्दछ । 'सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली' भनिए पनि वर्गीय र जातीय दमन यथावत छ ।
- एक जना स्वास्थ्यविज्ञ डा. अरुणा उप्रेतीले चाउचाउ, कोकाकोला, फान्टा, केक, कुकिज, सेतो पाउरोटी, बट्टाका जुसलगायत तयारी खानेकुरा मोटोपन, मुटु र मिर्गौला रोग हुने पत्रु खानेकुरा भएको हुँदा यसको उत्पादन, विज्ञापन र बिक्री वितरण नियन्त्रण गर्नुपर्ने आवाज उठाइरहनुभएको छ ।
- नेकाका मिन विश्वकर्माले आफूसँग गिटी, ढुङ्गा, बालुवाका व्यापारीहरूले २-३ पटक फोन गरेर एक गृहमन्त्रीलाई थप रकम बुझाउनुपर्नेबारे सोधेको खुलासा गरेका छन् । यसबारे प्रधानमन्त्रीजीलाई जानकारी छ कि छैन ?
- नेपाली सञ्चारमाध्यममा 'पूर्वउपराष्ट्रपति पुनको सचिवालय नै सुन तस्करीमा' र 'सुन तस्करीमा अर्थमन्त्री पुनकै सम्पर्क !' भन्ने समाचार प्रकाशित भएको बारे प्रधानमन्त्रीलाई जानकारी छ कि छैन ?
- प्रधानमन्त्री पद व्यक्तिको इच्छाभन्दा पनि पार्टीको दृष्टिकोण हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा सत्ता गठबन्धनका दलहरूको नीति तथा दृष्टिकोणमा तात्त्विक भिन्नता छैन । यसकारण, नेपाल मजदुर किसान पार्टीले प्रधानमन्त्री दाहाललाई विश्वासको मत नदिने निर्णय गरेको जानकारी गराउँदछु ।

# पीडितको सहमतिमा कैद मिनाहा र भ्रष्टाचारबारे एक चर्चा

✍ दुर्गा

हालै नेपाल सरकारले पीडितको मन्जुरीमा कैद मिनाहा गर्नेसम्बन्धी विधेयक ल्याउने चर्चा सञ्चारमाध्यममा आएको छ । कर्तव्य ज्यान मुद्दाका कैदी योगराज ढकाल 'रिगल' लाई कैद माफी दिएर छोड्ने सरकारको निर्णयविरुद्धको रिटमा गत कार्तिक १६ मा सर्वोच्च अदालतले पीडितको सहमति, मन्जुरीलाई अनिवार्य बनाउनुपर्ने आदेश गरिएको थियो । उक्त आदेशअनुसार सरकारले कैद माफी मिनाहाको लागि पीडितको सहमति अनिवार्य हुने गरी सरकारले फौजदारी कसुर नियमावली संशोधन गर्न लागेको हो । सर्वोच्च अदालतको परमादेशपछि सरकारले पीडितको सहमतिपछि मात्र कैद माफी मिनाहा दिने विधेयक पारित गरी लागू गर्न लागेको कुरा बाहिर आएको छ ।

हत्यारा, बलात्कारी, भ्रष्टाचारीलगायत अन्य अपराधीहरूलाई अख्तियारले सजाय, जरिवाना तोकेर कैद गर्न अदालतमा मुद्दा दर्ता गर्ने तर अदालतले छोड्दै जाने गरेको आरोप सञ्चारमाध्यममा लाग्दै आएको देखिन्छ । यसको विरोध र खबरदारी सबैतिरबाट हुँदै आएको छ । एसपीसहित ७ जनाको हत्या गरेको आरोपमा कैद गरिएका टीकापुर काण्डका मुख्य आरोपी रेशमकुमार चौधरीलाई प्रचण्ड गठबन्धनको सरकारले सत्ता टिकाउन आममाफीको नाममा चोख्याएर छोडिसकेको छ । त्यस्तै नक्कली भुटानी शरणार्थी काण्डका मुख्य आरोपी पूर्वगृहमन्त्री एवं काङग्रसी नेता बालकृष्ण खाणलाई अदालतले धरौटीमा छोडिसकेको छ । उनका दलका नेताहरू बिचौलियाहरूले उनलाई फसाएको भन्ने उनकी श्रीमतीले आरोप लगाएकी थिइन् । भुटानी शरणार्थी काण्डमा मुछिएका अर्का एमाले नेता टोपबहादुर रायमाझी पनि न्यायालयकै आदेशमा छोड्ने सूचीमा होला ।

रौतहटको इँटाभट्टामा जिउँदै मान्छे फालेर सामूहिक हत्या गरेको आरोपमा नख्खु जेलमा कैद सजाय भोगिरहेका काङ्ग्रेसी नेता मोहम्मद अफताब आलमलाई पनि निर्दोष भनी सरकारले रिगललाई जस्तै छोडेमा कुनै अनौठो हुनेछैन । नेपाली नागरिकलाई भुटानी नागरिक बनाई बेचेको आरोपमा कैद गरिएका खाणको रिहाइपछि अब आलम पनि जेलबाट छुट्ने दिन नजिकिँदै छ भनेर औंला गनिरहेको होला ।

कानुनको आँखामा सबै समान भनिए तापनि सुरक्षा निकायको अनुसन्धान र न्यायालयको आदेशको नाममा २/४ सय घुस खाने, भ्रष्टाचार गर्ने, ज्यान लिने, बलात्कार आरोपी अशिक्षित गरिबहरूलाई तुरुन्तै हतकडी लगाएर पाता कसेर नियन्त्रणमा लिने, जीवनभर जेलमा कोच्ने गरेका छन् भने करोडौँ अरबौँ घुस खाने, भ्रष्टाचार गर्ने, बलात्कार अभियोग लागेका ठुला व्यापारी, नेता, कर्मचारीहरूलाई सुविधा र सम्मानका साथ राखेको र विभिन्न प्रभाव र दबाबमा कैद मिनाहा जेलबाट छोडिँदै आएको यथार्थ हो । त्यस्ता अपराधीहरूलाई सलामी ठोक्नुपर्दा सुरक्षाकर्मीहरूले लज्जाबोध वा शिर निहुराउनु परेको समय समयमा पत्रपत्रिकामा आएकै हो । जनताको यस्तो आरोप र विरोधबाट जोगिन न्यायालयका निष्पक्ष न्यायमूर्तिहरू सङ्लो हुनु आवश्यक छ । ठुला भनिएका कालाव्यापारी, भ्रष्ट नेता तथा कर्मचारीहरूलाई बिनामुलाहिजा जेल कोचेर देखाएमा जनताले न्यायालय, सरकार र सुरक्षा निकायलाई सङ्लो मान्नेछन् । सङ्लो हुनुपर्ने ती निकाय राजनीतिक भागबन्डाका कारण टुकुचा खोलाको फोहर पानीजस्तो गन्हाएको जनताका आरोप एवं विरोध छ ।

ज्यान र बलात्कार पीडितको सहमति, मन्जुरीमा अपराधीको कैद मिनाहा, कट्टी, छुट दिन सक्ने वर्तमान प्रचण्ड नेतृत्वको गठबन्धन सरकारले ल्याउन लागेको विधयकले स्वतन्त्र न्याय निसाफमा, न्याय प्रणालीमा स्खलन ल्याउनसक्ने देखिएको छ । न्यायालय, सुरक्षा निकायलगायत सबैजसो क्षेत्रमा बिचौलियाको हालीमुहाली राज चलिरहेको आजको समयमा यो विधेयकले अझ बढी चलखल हुने सम्भावनालाई नकार्न सकिँदैन । न्यायालयको फैसला, निर्णय आफूअनुकूल बनाउन न्यायाधीशहरूलाई प्रभाव र दबाब आइरहेको समयमा यसले पीडितमाथि झन् पीडा थप्नेछ । यसले न्यायालय, सुरक्षा निकायमा भ्रष्टाचार बढ्नेछ । यस्तो कामले ती निकायमाथि जनताको विश्वास घट्दै जानेछ ।

कतिपय कर्तव्य ज्यान, यौन दुर्व्यवहार र बलात्कारका अपराध गाउँ ठाउँका गरिब अशिक्षित चेलीमाथि बढी हुँदै आएको पाइन्छ । धनी र उच्चवर्गका सन्तानमाथि त्यस्तो अपराध खासै भएको पाइँदैन । त्यस्ता अपराधहरू गाउँ ठाउँकै धनी र उच्चवर्गका गुण्डाहरूबाट गरिब र अशिक्षित चेलीमाथि हुँदै आएका छन् । त्यस्ता अपराधीहरूले दल, नेता, कर्मचारी, सुरक्षा निकाय र पैसाको बैशाखी टेकेर, दबाब, धम्की दिएर पीडितलाई झन् पीडित बनाइदिन्छन् । यसले अपराधीहरूको मनोबल बढाउने काम गर्छ । त्यस्ता अपराधका घटनाहरू प्रशासन, सञ्चारमाध्यम, जनताको आँखामा हतपती पर्दैन । त्यस्ता अपराध गाउँका सामन्त, धनी उच्चवर्गका नेताका सन्तानहरूले घटाएका हुन्छन् । निष्पक्ष र स्वतन्त्र भनिए पनि अपराधी, बिचौलियाको प्रभाव र दबाबले सञ्चारमाध्यमको मुखमा बुजो लगाइदिन्छ । यस्ता अपराधमा कानुनको आँखामा सबै बराबर भनिए तापनि कानुन आफैँले हेर्ने, बोल्ने नहुँदा निष्पक्ष न्याय निसाफ भएको जनताले महसुस गर्न सकेका छैनन् । सुरक्षा निकाय र कर्मचारीहरूको कामले पनि जनतालाई त्यस्तो अनुभूति दिन सकेको छैन ।

आज सञ्चारमाध्यममा स्त्रीले पुरूषलाई कुनै समयमा सहमतिमा भनेर फसाएर पछि हजारौँ, लाखौँ पैसा मागेर कालो धन्दा वा ठगी गरिरहेका समाचारहरू पनि बाहिर आइरहेका छन् । यो विधेयक कानुन बनेमा यसले अपराधहरूलाई मलजल गर्ने छ । कानुनले हत्या बलात्कारलगायतका अपराधलाई नियन्त्रण र न्युनीकरणको लागि निष्पक्ष कारबाही गर्नु ठीक छ तर त्यसलाई दुरूपयोग गर्नु ठीक होइन । यसले बिचौलिया र ठग अपराधी मनोवृत्ति भएका महिला अनि पुरूषहरूले पनि यस्ता कानुनमाथि टेकेर नाजायज फाइदा उठाउन सक्छन् । पीडितले अपराधीको प्रभाव र दबाबमा आर्थिक लोभ र धम्कीमा छोड भन्दा छोड्ने, उन्मुक्ति देऊ, कैद मिनाहा वा कट्टी गरभन्दा गर्ने भए न्यायालय किन चाहियो ? सरकार किन चाहियो ? सुरक्षा निकाय किन चाहियो ? अदालतले अध्ययन, अनुसन्धान र प्रमाणका आधारमा कैद ठोकेपछि ठोक्यो ठोक्यो । यसले न्यायालयप्रति पीडित र जनताको विश्वास र भरोसा बढ्दै जानेछ भने अपराधीको मनोबल गिर्नेछ । यसले समाजमा अपराधको घटना न्यूनीकरण गर्न मद्दत गर्नेछ । पीडित व्यक्ति र परिवारलाई अपराधीको तर्फबाट प्रभाव र दबाब वा लोभ र धम्की आउनेछैन वा कम हुनेछ । यसले गाउँ ठाउँको ठुलाबडा, गुण्डा अपराधीले गरेको अपराधमा गरिब अशिक्षित जनतालाई फसाएर उनीहरू उम्किने सम्भावना पनि कम हुनेछ ।

आज सरकारका उच्चस्तरका कर्मचारीहरू पनि विभिन्न नाम वा बहानामा भ्रष्टाचारमा मुछिएका समाचारहरू पत्रपत्रिकामा आइरहेका छन् । त्यस्ता कर्मचारीहरू भ्रष्टाचारको आरोपमा दोषी ठहर गरी कारबाही वा जेल हाल्ने सङ्केत, लक्षण देखिनासाथ उच्चस्तरीय भ्रष्ट कर्मचारीहरू कानुनको कमजोर बुँदामा टेकेर नैतिकताको आधारमा राजीनामा दिएर बच्ने गरेका छन् । त्यसो हुँदा उनीहरू एकातिर नैतिकवान देखिने अर्कोतिर जेल जाकिनुको सट्टा नेपाल सरकारले दिँदै आएको सञ्चय कोषलगायतका सहुलियत सुविधाबाट पनि वञ्चित हुनुपर्दैन । जब कि उनीहरूले भ्रष्टाचार गरी राज्यको ढुकुटी रित्याएर सात पुस्तालाई पुग्ने गरी कालो धन आर्जन गरिसकेका हुन्छन् । त्यस्ता भ्रष्ट कर्मचारीहरूलाई मृत्युदण्ड वा आजीवन जेल सजाय दिनुपर्छ । यस्ता भ्रष्ट कर्मचारीहरूले धमिराले जस्तै देशलाई खोक्रो बनाइरहेको वर्तमान समयमा यिनीहरूलाई उचित कारबाही गर्न सकेको खण्डमा सरकार र न्यायालयको जनताले उच्च सम्मान गर्नेछन् । यसले न्यायालय र सुरक्षा निकायप्रति जनताको विश्वास बढ्दै जानेछ । यसले देशको हित गर्नेछ । यसको लागि न्यायालय, सरकार र जनता पनि सङ्लो र देशभक्त हुनु आवश्यक छ ।

भियतनाम यात्रा - ९

# नेपालले भियतनामबाट के सिक्ने ?

✍ योगेन्द्रमान बिजुक्छेँ

**सबभन्दा महत्त्वपूर्ण कुरा भियतनामी कम्युनिस्ट पार्टीले सोभियत सङ्घसँग आर्थिक, रणनैतिक तथा कूटनैतिकरूपमा निर्भर आफ्ना नीतिहरूमा साहसका साथ परिवर्तन गऱ्यो । चीनसँगको तिक्तताको अन्त्य गरी सन् १९९१ मा पुरानो सम्बन्धलाई नयाँ जगबाट सुरुवात गर्यो भने संयुक्त राज्य अमेरिकासँग नयाँ कूटनैतिक सम्बन्ध सन् १९९५ मा सुरु गऱ्यो ।.. यसरी विश्वका दुई आर्थिक शक्ति अमेरिका र चीन जसका बिच विगतका वर्षहरूमा प्रतिस्पर्धात्मक सम्बन्ध रहेको भए तापनि भियतनामले दुवैलाई आफ्नो राष्ट्रको हितमा उपयोग गर्न सफल देखिएको छ ।**








**युद्धले ध्वस्त पारेको देश**

सगरमाथाले नेपाललाई चिनाएजस्तै भियतनाम युद्धले भियतनामलाई संसारमाझ चिनायो । दोस्रो विश्वयुद्धपछि संसारमा हालिमुहाली चलाउँदै आएका युरोपेली देशहरूहरूको शक्ति कमजोर हुँदै गएपछि संयुक्त राज्य अमेरिका र सोभियत सङ्घ नयाँ विश्वशक्तिको रूपमा उदाए । सोभियत सङ्घको नेतृत्व र सहयोगमा संसारमा कम्युनिस्ट विचार फैलिने र समाजवादी व्यवस्था स्थापना हुने डरले अमेरिकाले संसारका धेरै देशहरूमा युद्ध थोपर्ने, सैनिक विद्रोह (कू) को माध्यमले सत्ता पल्टाउने, छद्म युद्ध चलाउनेजस्ता उपाय अपनाइयो । पूर्वी एसियाको एक गरिब देश भियतनाम पनि अमेरिकाको यस हत्कण्डाको सिकार हुनपुगेको थियो । सबै युद्धका नियमहरू उल्लङ्घन गरेर, भए-भरका नयाँ हतियारहरू प्रयोग गरे पनि अमेरिकाले २० वर्षमा पनि युद्ध जित्न सकेन । महाशक्ति अमेरिकालाई घुँडा टिकाउने देश भियतनाम साँच्चै भन्नुपर्दा युद्धले धुजाधुजा बनाएको देश हो भन्दा फरक नहोला । भियतनामी जनताका महान् नेता हो चि मिन्हको 'युद्ध स्वीकार्ने तर स्वाधीनतासँग सम्झौता नगर्ने' दृढ अठोटले भियतनाम एक स्वाधीन देशको रूपमा संसारसामु उभिन सफल भयो ।

युद्धको खरानीबाट माथि उठ्न सहज पक्कै थिएन । उक्त युद्धमा भियतनाले सैनिक र गैरसैनिक गरेर करिब ३० लाख जनता गुमायो, ३,६०,००० सदाका लागि अपाङ्ग भए, करिब ८,००,००० बालबालिका टुहुरा भए, करिब १० लाख जनताले देश छोडे । देशको एकीकरणको २/३ वर्षमै सहयोगी मित्र चीनसँगको तिक्तता र आर्थिक र सैनिक सहयोग प्रदान गर्ने अर्को मित्र सोभियत सङ्घबाट ८० को दशकको मध्यतिरबाटै सहायतामा कमी हुन थालेपछि भियतनाम आर्थिकरूपमा कमजोर हुँदै गयो । तर, भियतनामी कम्युनिस्ट पार्टीको नेतृत्वले संयम गुमाएन । जून १९८५ मा भएको पार्टीको आठौँ विस्तारिक बैठक (प्लेनरी र छैटौँ केन्द्रीय समितिको बैठक) तथा त्यसपछिका बैठकहरूले व्यापक छलफल गर्दै डिसेम्बर १९८६ मा आर्थिक नीतिमा पुन:र्निर्माणको ऐतिहासिक निर्णय गर्यो । त्यस्तै, दक्षिण पूर्वी एसियाली देशहरूको सङ्घ (ASEAN), एसिया प्रशान्त आर्थिक सहयोग मञ्च (APEC) तथा संयुक्त राष्ट्रसङ्घ, विश्व स्वास्थ्य सङ्गठन (WTO) जस्ता क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चहरूलाई भियतनामी जनताले आफ्नो आर्थिक उन्नतिमा उपयोग गर्दै गए । खाद्यान्न सङ्कट भोगिरहेको भियतनामले नयाँ आर्थिक नीति लागु गरेको तीन वर्षमै सन् १९८९ मा पहिलोपल्ट १४ लाख टन धान निर्यात गर्यो र सन् २००८ सम्ममा ४७ लाख टन निर्यात गऱ्यो । सन् २००८ मा विश्व खाद्य सङ्कटको समयमा भियतनामको यस खाद्य निर्यातले विश्वलाई नै राहत दिइएको बारे धेरै प्राज्ञिक अध्ययनले देखायो ।

सन् २००८ मै भियतनामको प्रतिव्यक्ति आय एक हजार अमेरिकी डलर पुगेपछि उसलाई अति कम विकसित देशको सूचीबाट हटाएको थियो । आज भियतनाम संसारसामु एक आर्थिकरूपमा उदाउँदो देशको रूपमा परिचित हुँदै छ । हाम्रो देश नेपालले भियतनामले जस्तै सय वर्षसम्म उपनिवेशको सिक्रीले बाँधिनुपरेन, न त बिसौँ शताब्दीकै एक क्रूर, अमानवीय र भयङ्कर युद्धलाई भोग्नुपर्यो । युद्धपछिका वर्षहरूमा ७०



प्रतिशत भियतनामी जनता गरिबी रेखामुनि थियो भने आज २० प्रतिशतमा झरेको विश्वास गरिन्छ । तर, विगत ७० वर्षदेखि विदेशी सहयोग, सल्लाह र शुभेच्छा प्राप्त गर्दै आएको नेपालको आफ्नो आर्थिक हविगतसँग हामी सबै नेपाली परिचित छौँ । त्यसैले भियतनामबाट हामीले सिक्न सक्ने धेरै कुराहरू हुनसक्छन् ।

**आर्थिक नीतिसँगै अन्य क्षेत्रको पनि सुधार**

सन् १९८६ मा नयाँ उदार आर्थिक नीति डोई मोइ लागु गरेपश्चात् विकाससँग अन्तरसम्बन्ध भएका अन्य धेरै क्षेत्रका नीतिहरूमा पनि सुधार वा पुनर्विचार गर्नु आवश्यक थियो । भौतिक पूर्वाधारको निर्माण, आवश्यक पुँजी निर्माण, कृषि तथा औद्योगिक उत्पादन, अन्य खनिज स्रोतको उत्पादन र व्यवस्थापन, शिक्षा र स्वास्थका नीतिहरूमा सुधार गर्नु उत्तिकै आवश्यक थियो । यिनीहरूभन्दा प्रमुख कुरा राजनैतिक स्थायित्व र इच्छाशक्ति र शान्ति सुरक्षाको प्रत्याभूति हो । यी सब कुराहरूलाई भियतनामी कम्युनिस्ट पार्टीले एक एक गरेर विश्लेषण गर्दै नयाँ नयाँ नीति अँगाल्दै अगाडि बढेको देखिन्छ ।

शिक्षा क्षेत्रको कुरा गर्दा सन् १९७५ मा देशको एकीकरणपश्चात् विश्वव्यापी प्राथमिक शिक्षा अनिवार्य अभियानको नीति अपनाउँदै आएको भियतनामले डोइ मोइपछि तल्लो तहदेखि उच्च शिक्षासम्म सबल र सुदृढ बनायो । नयाँ आर्थिक नीति लागु भइसकेपछि आवश्यक हुने जनशक्तिलाई ध्यानमा राखेर व्यावसायिक तथा अन्य शिक्षालाई पनि जोड दिई शिक्षा नीतिमा विस्तारै आवश्यकताअनुसार परिमार्जन र परिर्वतन गर्दै गएको देखिन्छ ।

त्यस्तै, स्वास्थ्य क्षेत्रको कुरा गर्दा भियतनामी कम्युनिस्ट पार्टीको नीतिअनुसार विशेष गरेर गाउँ, कुना-कन्दरा र विपन्न समुदायलाई नि:शुल्क स्वास्थ्य सेवाको पहुँच पुऱ्याउँदै आएको सरकारको नयाँ आर्थिक नीतिले सहरी जनजीवनमा आएको परिवर्तनअनुसार त्यस्तै क्षेत्रहरूमा स्वास्थ सेवामा न्यून शुल्क लिँदै सरकारलाई पर्ने अत्यधिक भारलाई कम गर्दै विपन्न वर्गलाई दिनुपर्ने सुविधालाई निरन्तरता दिँदै गयो ।

सबभन्दा महत्त्वपूर्ण कुरा भियतनामी कम्युनिस्ट पार्टीले सोभियत सङ्घसँग आर्थिक, रणनैतिक तथा कूटनैतिकरूपमा निर्भर आफ्ना नीतिहरूमा साहसका साथ परिवर्तन गर्यो । चीनसँगको तिक्तताको अन्त्य गरी सन् १९९१ मा पुरानो सम्बन्धलाई नयाँ जगबाट सुरुवात गर्यो भने संयुक्त राज्य अमेरिकासँग नयाँ कूटनैतिक सम्बन्ध सन् १९९५ मा सुरु गर्यो । अमेरिकासँगको यो सम्बन्ध कायम गर्न अमेरिकाले सन् १९९४ मा भियतनाममाथि लगाएको नाकाबन्दी पनि अन्त्य गरेको थियो, यसको लागि बिल क्लिन्टन राष्ट्रपति हुँदा कूटनैटिक काम (लबिङ) गर्ने दुई प्रमुख व्यक्तिहरूमा भियतनाम युद्धका युद्धबन्दीहरू थिए - जोन म्याकेन र जोन केरी । भियतनामलाई विदेशी लगानी मैत्री बनाउन पनि यी सब कुराको आवश्यकता थियो । यसरी विश्वका दुई आर्थिक शक्ति अमेरिका र चीन जसका बिच विगतका वर्षहरूमा प्रतिस्पर्धात्मक सम्बन्ध रहेको भए तापनि भियतनामले दुवैलाई आफ्नो राष्ट्रको हितमा उपयोग गर्न सफल देखिएको छ । अन्तर्राष्ट्रिय भूराजनीति र शक्ति राष्ट्रहरूको सम्बन्धको संवेदनशीलतालाई बुझेर आफ्नो देशको हितको लागि कसरी आफ्नो कूटनीतिमा समयानुकूल परिवर्तन गर्ने भन्ने कुरा पनि नेपालले भियतनामबाट सिक्न सकिने देखिन्छ ।

विदेशी लगानी, ऋण वा अनुदानका मामलामा भियतनामले सजगता अपनाउँदै अगाडि बढेको देखिन्छ । विदेशी ऋण कुनै देशले कतिसम्म लिन सकिन्छ भन्नेबारे अर्थशास्त्रमा एउटा सिद्धान्त छ - ऋण र कुल गार्हस्थ उत्पादनको अनुपात ( Debt to GDP ratio) । यस सिद्धान्तले भन्छ - यो अनुपात ५० प्रतिशतभन्दा बढी भएमा देशको आर्थिक अवस्था नकारात्मक प्रवृत्तिमा जान सक्छ । जस्तै: कुनै देशको विदेशी ऋण १०० युनिट छ र कुल गार्हस्थ उत्पादन २०० युनिट छ भने ऋण र कुल गार्हस्थ उत्पादनको अनुपात १००/२०० = १/२ अथवा ५० प्रतिशत हुन आउँछ । भियतनाम सरकारले यस कुरालाई मनन गरेको देखिन्छ भने बाह्य ऋणभन्दा बढी आन्तरिक ऋणलाई परिचालन गरिएको विभिन्न प्रतिवेदनले देखाउँछ ।

**जनताले पत्याएको सरकार**

देशलाई आर्थिक तथा सांस्कृतिकरूपमा अगाडि बढाउन अत्यन्त आवश्यक कुराहरूमध्ये सक्षम सरकार र इमानदार नेतृत्व एवम् राजनैतिक स्थायित्व पनि हो । राजनैतिक स्थायित्व र इमानदार नेतृत्वका कारणले नै आज भियतनाम नमुनाको रूपमा अगाडि बढेको देखिन्छ । सन् २०१४ मा वासिङ्टनस्थित स्वतन्त्र थिङ्क ट्याङ्क अनुसन्धान संस्था 'प्यू रिसर्च केन्द्र Pew Research Centre' ले एउटा सर्भे गर्यो । सो सर्भेमा विकसित र विकासशील देश समावेश गरेर ४४ देशका जनतालाई सहभागी गरिएको थियो । सो सर्भेमा - तपाईँका छोराछोरीहरूको आर्थिक अवस्था तपाईँको भन्दा राम्रो वा नराम्रो के होला भनी प्रश्न सोधिएको थियो । आर्थिक अवस्था भविष्यमा राम्रो हुने विश्वास गर्ने भियतनामीहरू ९५ प्रतिशत थियो । जबकि चीनमा यस्तो विश्वास राख्ने ८५ प्रतिशत, फिलिपिन्समा ५२ प्रतिशत, अमेरिकामा ३० प्रतिशत र सबभन्दा कम फ्रान्समा १३ प्रतिशत जनता थिए । यो सर्भेले आफ्नो सरकारप्रति जनताको आस्था र विश्वासलाई राम्ररी झल्काउँछ । सोही अध्ययनमा तपाईं आफ्नै देशमा बस्नुहुन्छ वा विदेश जानुहुन्छ भन्ने प्रश्नमा पनि ८८ प्रतिशत भियतनामीहरू, ७५ प्रतिशत चिनियाँहरू, ६७ प्रतिशत केन्यालीहरू तथा ६५ प्रतिशत फिलिपिनोहरूले आफ्नै देशमा बस्ने विचार व्यक्त गरे ।

यो अध्ययनले भियतनामी जनता आफ्नो देश र सरकारप्रति कति आशावादी छन् भन्ने कुरा प्रस्ट्याउँछ । सरकारले आफ्नो जनतालाई यति विश्वास दिलाउन सक्नु सानो कुरा अवश्य होइन । नेपालको हकमा आफ्नो सरकारप्रतिको नेपाली जनताको विश्वासको अवस्था त राहदानी दिने त्रिपुरेश्वरको कार्यालय र त्रिभुवन विमानस्थलमा बिदेसिन बसेका युवाहरूको लामले प्रस्ट पार्छ ।

**'भियत किइउहरूको' देश फिर्ती**

सन् १९७५ मा भियतनामको पूर्ण एकीकरणपछि राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणहरूले करिब २० लाख भियतनामीहरू देश छोडेर छिमेकी देशहरू, युरोपका विभिन्न देशहरू, अमेरिका र क्यानडामा समेत



हनोईका हाम्रा गाइड मि. टुवान (दायाँ) धेरै जानकारी दिँदै ।

पुगेको तथ्याङ्कले देखाउँछ । ती डायस्पोरा भियतनामीहरूलाई भियतनाममा भियत किइउ ( Viet kieu) भनिन्छ । देश छोडेर जाने ती भियत किइउहरूलाई आज पनि धेरै भियतनामीहरू राम्रो मान्दैनन् । उनीहरूको तर्क थियो- विदेशीको पञ्जाबाट देश भर्खरै मुक्त भएको अवस्थामा सबै जनता मिलेर देश बनाउनुपर्ने बेला देश छोडेका यिनीहरू भगुवा र देशद्रोही हुन् । आज भियतनाम एकीकरणपछि जन्मेका नयाँ पुस्ताको सङ्ख्या करिब ७० प्रतिशत छ, उनीहरूले हिजोका इतिहासलाई फरक ढङ्गले हेर्छन् । उनीहरू भन्छन्, "हामीले विगतलाई बढी कोट्याउनुभन्दा भविष्यलाई सोच्नुपर्छ ।"

देश छोडेकाहरू पनि आफ्नै तर्कअगाडि राख्छन् - हामीले बिरानो देशमा गएर धेरै दु:ख भोग्यौँ । एक दुई लाख त गन्तव्य पुग्नुभन्दा अगाडि बाटामै वा डुङ्गामै मरे । जब नौलो देशमा पुग्यौँ, न त्यहाँको भाषा आउँथ्यो, न संस्कृति र परम्परा थाहा थियो, न हातमा केही सिप नै थियो । विदेशी भनेर कति कति छि: छि: र घृणा भोग्नुपर्यो । आफ्नो देश छोडेर जानेहरूले विदेशी भूमिमा सुरुका दिनहरूमा हातमुख जोर्न र अस्तित्वका लागि लड्नुपर्थ्यो । यस कुराबाट पार लागेपछि आफ्नो पहिचान र थातथलोको चासो गर्ने रहेछ । भियत किइउहरू पनि आज यस्तै अवस्थामा रहेको बताइन्छ । देश आर्थिकरूपमा सक्षम हुँदै आएको र विश्व मञ्चमा नयाँ रूपमा प्रस्तुत भएकोले देश फर्कनेहरूलाई पनि भियतनाम सरकारले प्रोत्साहन गर्ने नीति लिएको देखियो ।


**शालिन र भद्र नवयुवाहरू**

भनिन्छ, नयाँ पुस्ता पुरानाभन्दा फरक हुन्छ । हुनु पनि पर्छ, नत्र समाजले कसरी फड्को मार्छ ? नयाँ पुस्ताले पुरानालाई कसरी व्यवहार गर्नुपर्छ भन्ने सर्वव्यापी नियम कतै भेटिँदैन । यस्तो व्यवहारको ढाँचा (Pattern) सबै देश र महादेशमा एउटै नहुन सक्छ । देशका नियम कानुनदेखि त्यहाँको धर्म, परम्परा, संस्कृति र संस्कारले पनि यसलाई निर्धारण गर्छ । तर, सामान्यतया पश्चिममा भन्दा पूर्वीय देशहरूमा हिन्दू, बौद्ध वा कन्फ्युसियस दर्शनले आफ्नो अग्रज र पुर्खाको सन्मान र आदर गर भन्छ । भितयनाम, कम्बोडिया र लाओस, हिन्दू र चीनको प्रभाव भएका देशहरू भएकाले संयुक्तरूपमा 'हिन्द चीन' (IndoChina) भनिएको हो । यसरी हिन्दू र कन्फ्युसियस दर्शनबाट प्रभावित देश भएकाले यहाँ युवाहरू विदेशी र आफ्ना अग्रजहरूसँग आदरपूर्वक प्रस्तुत भएको भेटिन्छन् । हरेक पसल र कार्यालय, पैसा साट्ने (मनी एक्जेन्ज), रेस्टुराँदेखि हरेक ठाउँमा युवाहरू नै सक्रिय देखिन्छन् । उनीहरूमा हामीकहाँ जस्तै ख्याल ठट्टा (सेन्स अफ ह्युमर) पनि राम्रै देखिन्छ । एउटा पसलमा घुँडामा च्याटिएको पाइन्ट (आजभोलि यसलाई ग्रन्च फेसन भनिन्छ सायद) लगाएकी नानीलाई यस्तो च्याटेको लगाउनु हुँदैन भनेर जिस्किँदा हाँसेर जवाफ फर्काइन् - आइ एम पोर (म गरिब छु) ! एकजना ट्याक्सी चलाउने करिब २०/२२ वर्षको नवयुवाले तपाईँहरू सामान किनेर आउनुस् म तपाईँहरूलाई यही पर्खि राख्छु र वेटिङ चार्ज लिन्नँ भन्दा मन नै भावुक भयो । उनको शालिनता र सोझोपन देखेपछि ६० हजार डोङ मागेकोमा हामीले १ लाख दियौँ र पैसा फिर्ता लिएनौँ । १ लाख डोङको हाम्रो नेपाली रु. ५५० हुन आउँछ । करिब एक घण्टाको समय उसले दिएर त्यति पैसा भनेको हाम्रोमा भन्दा निकै सस्तो थियो । इमानदार, अनुशासित, बलियो र जनताप्रति जवाफदेही सरकारको ज्वलन्त नमुना भियतनामजस्तै लाग्यो हामीलाई । भियतनामको सफलताका अन्य धेरै गुह्य कुरा जान्ने इच्छा र जाँगर हुँदाहुँदै पनि त्यसको लागि समयले नेटो काटिसकेको थियो । उत्तर भियतनामको हनोई र मध्य भागको दा नाङ सहरको ६ दिने भ्रमणलाई टुङ्ग्याएर हामीले भारी मन लिएर भियतनामसँग 'अहिलेलाई बिदा भन्यौँ !'

**सन्दर्भ सामग्री :**

१. मजदुर किसान (नेमकिपाको केन्द्रीय समितिको मुखपत्र, वर्ष ३ अङ्क १, २०७०)
२. भियतनाम एक परिचय २०२३ साल, नारायणमान बिजुक्छेँ
३. Vietnam Tourist guide Book, Van Publication House, Vietnam ।
४. Hard Choice, Hilarry Clinton
५. गाईड, मिस्टर टुवान दिएका धेरै सूचनाहरू
६. अनलाइनमा उपलब्ध विभिन्न आलेख तथा रिपोर्टहरू

*समाप्त*



**मध्यपूर्व-गाजा-रफाह-इजरायल-हवाई हमलापछिको हृदयविदारक दृश्य**

मार्च १२, २०२४ मा दक्षिणी गाजापट्टीको सहर राफाहमा ध्वस्त पारिएको भवनको भगनावशेषमा आफन्तहरूको लास खोज्दै बच्न सफल प्यालेस्टिनीहरू । इजरायली आक्रमणका कारण प्यालेस्टिनीको मृत्यु हुनेको सङ्ख्या गाजापट्टीमा ३१,१३४ पुगेको, गाजास्थित प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले मङ्गलबार रिपोर्ट गरेको छ ।

*तस्बिर: खालिद ओमार/सिन्हवा)*

# रुसको आणविक हतियार अमेरिकाको भन्दा राम्रो भएको पुटिनको दाबी

मस्को, १३ मार्च (एएफपी) । रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले हवाई, जल तथा स्थलबाट प्रक्षेपण गरिएको रुसको आणविक हतियार 'ट्रायड' अमेरिकाकोभन्दा निकै उन्नत भएको बताउनुभएको छ ।

युक्रेनमा दुई वर्षसम्म चलेको आक्रमणका क्रममा आफ्नो आणविक शक्तिलाई बढावा दिएको रुसले गत महिना पश्चिमा देशहरूले द्वन्द्व चर्काएमा आणविक विपत्तिको 'वास्तविक' जोखिम रहेको चेतावनी क्रेमलिनले दिएको थियो ।

"हाम्रो आणविक हतियार ट्रायड कुनै पनि अन्य ट्रायडभन्दा बढी आधुनिक छ । वास्तवमा हामी र अमेरिकीहरूसँग मात्र यस्ता हतियारहरू छन् र हामी यसमा धेरै अगाडि बढेका छौं," पुटिनले सरकारी टिभीलाई दिएको अन्तर्वार्तामा भन्नुभयो ।

सन् २०२२ को फेब्रुअरीमा युक्रेनमाथि आक्रमण सुरु गरेदेखि नै पश्चिमा मुलुकहरूले रुसमाथि 'गैर-जिम्मेवार' पूर्णरूपले आणविक हतियार सम्बन्धमा वक्तव्यबाजी गरेको आरोप पुटिनले लगाउँदै आउनुभएको छ ।

मस्कोसँग पाँच हजारभन्दा बढी आणविक हतियार रहेको अनुमान गरिएको छ, जुन विश्वको सबैभन्दा ठूलो भण्डार हो ।

पश्चिमी मुलुकहरूले युक्रेनमा उनीहरूका सेना पठाउँदा युद्धभूमिको स्थितिमा कुनै परिवर्तन नआउने उक्त अन्तर्वार्तामा पुटिनले बताउनुभएको थियो ।

उहाँले भन्नुभयो, "जसरी हतियार आपूर्ति गर्दैमा रुसलाई केही फरक पर्दैन त्यसैगरी विदेशी सैन्य दस्ताहरूले युद्धभूमिको स्थिति परिवर्तन गर्दैन भन्ने मलाई विश्वास छ ।"

युक्रेनले हालैका महिनाहरूमा तोपखानादेखि हवाई प्रतिरक्षासम्मका असङ्ख्य अभावहरूको सामना गरिरहेको छ । अमेरिकी काङ्ग्रेसमा ६० अर्ब डलरको सहायता प्याकेज रोकिएको छ । यसको परिणाम रुसी सेनासँगको लडाइँमा युक्रेन युद्धबाट पछि हटिरहेको छ ।

# डुङ्गा दुर्घटनाको तीन दिनपछि समुद्रबाट ११ मछुवाको सकुशल उद्धार, २२ अझै बेपत्ता

जकार्ता, १३ मार्च (एएफपी) । समुद्रमा डुबेको डुङ्गामा झुन्डिएर तीन दिनको पखाईपछि इन्डोनेसियाका ११ जना मछुवाको सकुशल उद्धार भएको उद्धारकर्ताहरूले बुधबार बताएका छन् ।

दक्षिण सुलावेसी प्रान्तको दुर्गम सेलेयार टापु नजिकैको समुद्रमा शनिबार कम्तीमा ३५ जना चालक दलका सदस्य रहेको डुङ्गा डुबेको थियो । डुङ्गामा रहेका ११ जना मछुवा समुद्रमा तैरिरहेको खवस्थामा तीन दिनपछि दुई छुट्टाछुट्टै टापुमा फसेको अवस्थामा फेला परेका हुन् ।

खराब मौसमका कारण डुङ्गा पल्टिएको स्थानीय खोज तथा उद्धार निकायले जनाएको छ ।

स्थानीय सरकारी अधिकारी एन्डी काको आम्रासले एएफपीसँग भन्नुभयो, "उनीहरू तीन दिनदेखि समुद्रमा तैरिरहेका थिए, पानीको प्रवाहले उनीहरूलाई सेलेयारको पुऱ्याएको थियो ।"

ती दुई जना छुट्टाछुट्टै टापुमा भेटिएका थिए ।

डुङ्गा मार्च ३ मा उत्तरी जकार्ता बन्दरगाहबाट पश्चिम नुसा तेङ्गारा प्रान्तको लोम्बोक टापुतर्फ जाँदै गरेको थियो ।

नौसेना र उद्धार स्वयंसेवकहरूले खोजी कार्यमा सहयोग गरिरहेका छन् ।

"संयुक्त टोलीले थप खोजी र उद्धार कार्य गर्नेछ भने भेटिएका मछुवालाई उनीहरूको घरतर्फ पठाइएको स्थानीय खोज तथा उद्धार अधिकारी एन्डी रासवानले एएफपीसँग बताउनुभयो ।

उद्धारकर्तालाई घटनास्थल पुग्न पाँच घण्टा लागेको उहाँले बताउनुभयो ।

सरकारी समाचार संस्था अन्तराका अनुसार स्थानीय मछुवाहरूले उनीहरूलाई देखेपछि र अधिकारीहरूलाई खबर गरेपछि ती व्यक्तिहरूलाई सकुशल उद्धार गरिएको थियो ।

एएफपीसँग कुरा गर्दै अमरासले भन्नुभयो, "तीन दिनसम्म समुद्रमा लाइफ ज्याकेट लगाएर डुङ्गामा आफूलाई बाँधिर बसेको मछुवाहरूले बताएका छन् ।"

मछुवासहितको घोप्टिएको डुङ्गा पानीमा तैरिँदै सेलेयार टापुमा पुगेको उहाँले बताउनुभयो ।

अमरासका अनुसार ९३ टन तौल भएको उक्त जहाजमा माछा समात्ने उपकरण, जाल, ढुङ्गा, डोरी, नरिवलको पात र माछा मार्ने रडजस्ता उपकरणहरू थिए ।

डुङ्गामा ३५ जना सवार थिए भने २२ जना हराइरहेका छन् । यद्यपि, इन्डोनेसियाको उद्धार एजेन्सीले ३७ जना सवार डुङ्गामा रहेका २४ जना हराइरहेको जनाएको छ ।

इन्डोनेसियामा डुङ्गामा वास्तविक यात्रुहरूको सङ्ख्या तोकिएको भन्दा फरक हुनु सामान्य कुरा मानिन्छ ।

अधिकारीहरूले मङ्गलबार बिहानै घटनाको बारेमा रिपोर्ट प्राप्त गरे पनि खराब मौसमका कारण उनीहरूको प्रयासमा बाधा पुगेको बताएका छन् ।

करिब १७ हजार टापुरहेको दक्षिणपूर्वी एसियाली द्वीप समूह इन्डोनेसियामा सुरक्षा मापदण्डको फितलोपनका कारण पटकपटक समुद्री दुर्घटना हुने गरेको छ ।

सन् २०१८ मा सुमात्रा टापुमा रहेको विश्वको सबैभन्दा गहिरो तालमा डुङ्गा डुब्दा १५० जनाभन्दा बढीको मृत्यु भएको थियो ।

# एडीबीद्वारा बाढी नियन्त्रण तथा सिँचाइका लागि बङ्गलादेशलाई सात करोड सहयोग

मनिला, १३ मार्च (सिन्हवा) । एसियाली विकास बैङ्क (एडीबी) ले बङ्गलादेशमा जलस्रोत व्यवस्थापन (बाढी नियन्त्रण तथा सिँचाइ) का लागि सात करोड १० लाख अमेरिकी डलर ऋण स्वीकृत गरेको छ ।

गोपालगञ्ज र मदारीपुर जिल्लाका ग्रामीण समुदायमा यस परियोजनाले जलवायु परिवर्तनको प्रभावका लागि उनीहरूको तयारी र लचिलोपनलाई बलियो बनाउने बैङ्कले एक प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

विश्वव्यापी जलवायु परिवर्तन प्रभाव सूचकाङ्कको आधारमा बङ्गलादेश जलवायु जोखिमको सातौँ स्थानमा छ । बङ्गलादेशले चरम मौसमी समस्या र जलवायु घटनाहरूको तीव्रताको सामना गरिरहेको बैङ्कले जनाएको छ ।

यस परियोजना अन्तर्गत छ लाखभन्दा बढी मानिसहरूलाई फाइदा पुग्ने अपेक्षा गरिएको छ । परियोजनाले जलवायु प्रभाव व्यवस्थापन, बाढी नियन्त्रण, जल निकासी र सिँचाइका उपायहरू अवलम्बन गर्ने एडीबीले जनाएको छ ।

एडीबीको सहयोगले आर्थिक वृद्धि र उत्पादकतालाई थप बढावा दिनेछ भने आय र दिगो जीविकोपार्जन बढाउनेछ । विशेष गरी महिला र कमजोर समूहहरूका लागि र दक्षिण पश्चिम बङ्गलादेशको ग्रामीण क्षेत्रमा गरिबी घटाउने एडीबीका वरिष्ठ परियोजना व्यवस्थापन विशेषज्ञ पुष्कर श्रीवास्तवले बताउनुभयो ।

## विश्व सङ्क्षेप

# जापानी अन्तरिक्ष रकेट प्रक्षेपणको केही सेकेन्डमै विस्फोट

टोकियो, १३ मार्च (एएफपी) । जापानी कम्पनीले बनाएको रकेटले स्याटेलाइटलाई कक्षमा स्थापित गर्ने प्रयास असफल भएपछि प्रक्षेपणको केही सेकेन्डमै विस्फोट भएको छ ।

टोकियोस्थित स्पेस वानको १८ मिटर (६० फिट) अग्लो काइरोस रकेट पश्चिमी जापानको तटीय वाकायामा क्षेत्रमा प्रक्षेपण गरिएको करिब पाँच सेकेन्डपछि इन्धनमा आगो सल्किएपछि विस्फोट भएको हो ।

विस्फोट हुनु पहिले सुदूर पहाडी क्षेत्रमा सेतो धुवाँ निस्किएको थियो । उक्त रकेट केही सेकेन्ड भित्रमा नै विस्फोट भई जमिनमा भीषण ज्वालासहित खसेको थियो ।

स्पेस वानद्वारा जारी एक विज्ञप्तिमा भनिएको छ, "पहिलो काइरोस रकेटको प्रक्षेपण गरिएको थियो, तर प्रक्षेपणपछि प्रविधिक समस्या देखिएपछि यसलाई रद्द गरिएको छ । विस्तृत अनुसन्धान भइरहेको छ ।"

नजिकैको नदी किनारलगायत सार्वजनिक दृश्यावलोकन स्थलहरूमा भेला भएका सयौं युवा र वृद्ध दर्शकहरूले देखेका नाटकीय दृश्यहरूमा रकेटको पानी छर्किन प्रयोग गरिने यन्त्र (स्प्रिङ्लर) ले पानी छ्याप्न थालेपछि जलिरहेको भग्नावशेष जमिनमा खसेको थियो ।

एक वृद्ध व्यक्तिले सार्वजनिक प्रसारक एनएचकेसँग भन्नुभयो, "मैले यो रकेट प्रक्षेपणबाट धेरै आशा गरेको थिएँ, सफलता मिल्न सकेन त्यसैले म निराश छु । के भयो अनुसन्धान भइरहेको बताइएको छ पछि थाहा हुने नै छ ।"

स्पेस वनले स्याटेलाइटलाई कक्षमा स्थापित गर्ने राष्ट्रको पहिलो निजी फर्म बन्ने आशा गरेको छ र यो आशा काइरोसबाट गरिएको थियो ।

प्राचीन ग्रीक भाषा अनुसार काइरोसको अर्थ 'सही क्षण' हो । उडानको लगभग ५१ मिनेटपछि उक्त सही क्षण आउने अपेक्षा कम्पनी र अन्तरिक्षविद्हरूले गरेका थिए ।

पार्टपुर्जाको अभाव र अन्य समस्याका कारण स्पेस वानले बुधबारको प्रयासअघि कैरोसको प्रक्षेपण पाँचपटक स्थगित गरेको थियो ।

# अरब सागरमा डुङ्गा डुब्दा १२ पाकिस्तानी माझीको मृत्यु भएको पुष्टि

कराँची, १३ मार्च (एएफपी) । अरब सागरमा डुङ्गा डुब्दा १२ जना पाकिस्तानी माझीको मृत्यु भएको पाकिस्तानी सेनाले बुधबार पुष्टि गरेको छ ।

गत मार्च ५ मा उक्त माछा मार्ने डुङ्गा समुद्रमा डुबेपछि उद्धारकर्मीहरूले दक्षिणी सिन्ध प्रान्तमा हेलिकप्टर, पानीजहाज र स्पिडबोटको सहायताले पानीभित्र बेपत्ता मछुवाको खोजीकार्य सुरु गरेका थिए ।

सेनाको जनसम्पर्क शाखाले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "करिब एक हप्ताको अन्तरालमा १२ व्यक्ति शव पानीको गहिराइबाट निकालिएको छ ।" "बेपत्ता भएका अन्य दुई जनाको खोजी कार्य जारी छ," विज्ञप्तिमा भनिएको छ । पाकिस्तानमा कमजोर सडक, असुरक्षित जलमार्ग, पुराना सवारी साधन र चालकको लापर्बाहीका कारण घातक यातायात दुर्घटनाहरू हुने गरेका छन् ।

पाकिस्तानी सेनाले यसअघि भारतीय सीमा नजिकैको खुला समुद्रमा 'प्रतिकूल मौसमका कारण' डुङ्गा पल्टिँदा डुङ्गामा चालक दलका ४५ सदस्य रहेको बताएको थियो । पाकिस्तानमा मनोरञ्जनका लागि प्रयोग गरिने डुङ्गा र सानातिना काममा प्रयोग हुने मोटरबाट चल्ने डुङ्गा प्रायः ओभरलोड हुन्छन् जसले दुर्घटना निम्त्याउने गर्छ ।

# एक वर्षमा जनावरको आक्रमणका कारण २३ हजार अस्ट्रेलियाली घाइते

क्यानबेरा, १३ मार्च (सिन्हवा) । सन् २०२१/२२ मा जनावरका कारण घाइते भएका २३ हजारभन्दा बढी अस्ट्रेलियालीलाई अस्पतालमा भर्ना गरिएको थियो ।

अस्ट्रेलियन इन्स्टिच्युट अफ हेल्थ एन्ड वेलफेयर (एआइएचडब्लु) ले बुधबार प्रकाशित गरेको रिपोर्टअनुसार जुन २०२२ को अन्त्यसम्मको १२ महिनाको अवधिमा अस्ट्रेलियामा जनावरका कारण २३ हजार ३८० व्यक्ति घाइते भएका र अस्पताल भर्ना हुनु परेको थियो ।

अस्पतालमा भर्ना हुनेमध्ये ५३ प्रतिशत बिरालो र कुकुर, २२ प्रतिशत गाईवस्तु, २१ प्रतिशत वन्यजन्तु र विषालु जनावर तथा २.२ प्रतिशत समुद्री जनावरको आक्रमणको कारण घाइते भएको रिपोर्टमा जनाइएको छ ।

सन् २०२१/२२ मा अस्ट्रेलियामा घाइते भई अस्पताल पुगेका बिरामीमध्ये ९०.५ प्रतिशत जनावरको आक्रमण वा सम्पर्कको कारणले घाइते भएका थिए । यो सन् २०१२/१३ को भन्दा ६६.५ प्रतिशत बढी हो ।

अस्पताल भर्ना भएका ५७ प्रतिशत बिरामीहरूमा खुल्ला घाउ तथा सामान्य प्रकारको चोट थियो भने १५ प्रतिशतमा भाँचिएको र १० प्रतिशतमा विषाक्त प्रभावहरू थिए ।

वन्यजन्तु र विषालु जनावरहरूमा सरीसृपको टोकाइका कारण सबैभन्दा बढी अस्पतालमा भर्ना हुनुपरेको थियो भने त्यसपछि अन्य कीराको टोकाइ वा सम्पर्कका कारण अस्पताल सेवा लिनुपरेको थियो ।

अस्ट्रेलिया विश्वको सबैभन्दा विषालु जनावरहरूको घर हो, तर अस्ट्रेलियालीहरू विषालु जनावरहरूको तुलनामा गैर-विषालु संलग्न चोटका कारण अस्पतालमा भर्ना हुने सम्भावना ६.६ गुणा बढी रहेको एआइएचडब्ल्यूकी प्रवक्ता सारा अहमदले बताउनुभयो ।

महिलाहरू पुरुषहरू भन्दा १.२ गुणा बढी सामान्य पाल्तु जनावर सम्बन्धित चोटका कारण अस्पतालमा भर्ना हुने सम्भावना रहेको रिपोर्टमा उल्लेख छ ।

# मध्यपुर ठिमीको मन्टेश्वरीमा एक दिन

✍ जे. पी. तिमिल्सिना

शनिबार सरकारी बिदाको दिन हो । हप्ता दिनको अफिसियल कामकाजबाट एक दिन आफूलाई रिफ्रेस तथा रिचार्ज गर्ने दिन भएकोले दिनभर घरमै आराम गर्ने योजना थियो । मेरो बिदाको दिनलाई उपयोग गर्ने उद्देश्यले मेरो साथी सावित्राबाट चन्द्रागिरि भ्रमणको पारिवारिक योजना बनेको रहेछ । यसैगरी सरकारी बिदालाई सदुपयोग गर्ने गरी सामाजिक सेवामूलक योजना र केही शैक्षिक योजनाहरू पनि धेरै स्थानमा बनेको पाइयो । मलाई औपचारिक र अनौपचारिक गरेर ६/सात वटा निमन्त्रणा आएको थियो । सबैलाई इन्कार गरेर दिनभर घरमै बसौँ कि भन्नेमा केहीबेर अलमलमा परेँ । तर मायाले, हार्दिक निमन्त्रणालाई इन्कार गर्नु गलत हुने निचोडमा म पुगेँ । सबै कार्यक्रमहरू धेरै महत्त्वपूर्ण थिए । प्राथमिकता केलाई दिने भन्नेतर्फ सोच विचार गर्दा शिक्षालाई रोजेँ । शिक्षाको जग वा आधार प्रि स्कूलको कार्यक्रममा सहभागी हुने निधो गरेँ । मध्यपुर ठिमी नगरपालिका वडा नम्बर एकमा अवस्थित लिटिल ब्लसम मन्टेश्वरी स्कूल (Little Blossom Montessori School,Madhypur thimi 01, Bhaktapur ) को वार्षिक उत्सव तथा अभिभावक दिवसको ( School Anniversary & Parents Day) निमन्त्रणामा सहभागी हुने निर्णयमा पुगेँ । बिहानको भोजनपछि सावित्रा र म ब्रह्मायणीबाट काठमाडौँ जाने बसमा चढ्यौँ । सावित्रा चन्द्रागिरीको लागि भने म कौशलटारसम्म पुग्ने गरी हिँड्यौँ । म कौशलटार झरेर विद्यालयले तय गरेको कार्यक्रमस्थल ह्वाइट पेलेस कौशलटार पुगेँ ।

बिहानको १०.३० बजे वार्षिकोत्सव तथा अभिभावक दिवसको कार्यक्रम औपचारिक रूपमा राष्ट्रिय गानबाट सुरु भयो । उक्त मन्टेश्वरी स्कूलका अध्यक्ष उपेन्द्र बस्नेतको अध्यक्षतामा वार्षिकोत्सव अगाडि बढ्यो । प्ले ग्रुप, नर्सरी, एल.के.जी., यू.के.जी. गरी प्रि स्कूलका चारवटा कक्षामा लगभग सयको नजिक विद्यार्थी र ६ जना शिक्षिका कार्यरत रहेछन् । अम्बिका अधिकारीको प्रमुख आतिथ्य, विशेष अतिथिमा डम्बर भट्टराई, अतिथिमा जे.पी. तिमिल्सिना, गोमा पोखरेललगायत सयौँ अभिभावकहरूको सहभागितामा अनेकौँ बाल प्रतिभाहरूको प्रस्तुतिसँगै कार्यक्रम अगाडि बढ्यो । मेरो सामुदायिक विद्यालयमा काम गरेको लामो समयको अनुभव र अनुभूति निजी विद्यालयको अनुभव भए तापनि मन्टेश्वरी स्कूलका विशेष कार्यक्रममा सहभागी भएको यो पहिलोपटक हो ।

अतिथिहरूका शुभकामना मन्तव्य पछि बालबालिकाहरूको प्रस्तुति सुरु भयो । सबैभन्दा साना नानीहरूको जाग नेपाली गीतको बोलमा सामूहिक नृत्यले सबैलाई आनन्दित तुल्यायो । राम्रोसँग कपडा लगाउन र खोल्नसम्म नसक्ने उमेरका केटाकेटीलाई राम्रोसँग सिकाउन सकियो भने अति राम्रो प्रस्तुति दिन सक्दोरहेछ भन्ने अनुभव भयो । 'म्याउम्याउ बिरालो' भन्ने गीतको बोलमा भएको नृत्य, 'जोनी जोनी एस पापा' बोलको गीतमा देखाइएको प्रस्तुति उत्तम देखियो ।'साना साना आँखा, तर संसार हेर्ने मन छ, चरा देख्दा चरासँगै उड्ने मन गर्छ, तारा देख्दा ताराजस्तै चम्कुँजस्तो लाग्छ, माछाजस्तै खेल्न पाए हुन्थ्यो', जस्ता मार्मिक शब्दका गीतमा भएको विभिन्न भेषभूषा लगाएर देखाएको नाच आकर्षक थियो । यसैगरी 'एक नम्बरी सुन हो, एक नम्बरी सुन, बा आमा भनेका जिउँदा देउता हुन्' भन्ने बोलको गीत र नाच हेर्दाहेर्दै सबै अभिभावक भावविह्वल भएको देखिन्थ्यो । हरेक प्रस्तुति गर्नुपूर्व दुई जना केटाकेटीहरूको सामूहिकरूपमा उद्घोषण गर्दाको भाषा शैली र प्रस्तुति झन् रोचक थियो ।' भिजिट भिसामा, भुइँ छोडेर उड्ने हजुर पश्चिम दिशा', हिमालमा



हिउँ तराईमा तोरी, नेपालका हामी प्यारा छोराछोरी, 'पखेरामा रातै गुराँसको वन, हिमालभन्दा पनि सुन्दर हाम्रो मन' बोलको गीत र नृत्य अति सुन्दर थियो । कार्यक्रममा सबैभन्दा धेरै आकर्षक 'यस्तै रहेछ परदेशी जीवन' नामको गीतिनाटक थियो । 'कहिलेकाहीँ त लाग्छ डर,पुग्छु कि पुग्दिँन घर, 'म फर्कन्छु आमा, बाबालाई ल्याएर फर्कन्छु' बोलको गीति नाटकमा विदेशमा छोराले भोगेका दु:खकस्ट, पीडा, यातना, काम गर्दागर्दै मालिकले दिएका यातना,बेहोस अवस्थामा सडकमा लडेको दृश्य, साथीहरूले बचाउन गरेको धेरै प्रयास, अन्ततोगत्वा घरमा लास पुग्दाको कारुणिक दृश्य, आमा तथा छरछिमेकीको रुवाबासीले हाम्रो देशको दुर्दशा झल्काएको थियो । घरमा विधुवा बुढी आमामात्रै हुन्छिन्, छोरालाई विदेश पठाउँदा लिएको ऋण तिर्न नसक्दा साहुले दिएको दु:ख, सास्ती, अपमानको पीडा र रोदनलाई साना केटाकेटीहरूले प्रस्तुत गरेको जीवन्त प्रस्तुति, अझै मार्मिक गीतको बोल र दृश्यले प्राय: अभिभावकहरूका आँखा रसाएका थिए । सबैतिर सुँक्कसुँक्क गरेको, लुकीलुकी आँसु पुछ्दै गरेको देखिन्थ्यो । यो गीति नाटकले नेपालको अहिलेको वास्तविकतालाई छर्लङ्ग देखाएको थियो । यस्तैगरी 'च्याङ्वा है च्याङ्वा, नाचौँ डम्फूको तालैमा' बोलको गीत र नृत्यले नेपालका हिमाली क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूको भेषभूषा, नृत्य र परिवेशको झझल्को दिएको थियो । कार्यक्रमको अर्को नयाँ प्रस्तुति 'फेसन शो' थियो । विदेशी शैलीमा भएको कार्यक्रम तर पुरै नेपालीपनको झझल्को भएको नेपालका विभिन्न फरकफरक समुदायका दस/बाह्र किसिमका रङ्गीचङ्गी भेषभूषा, चालचलन, रीतिरिवाज र परम्परालाई झझल्को दिने फेसन शोमा मन्चको एकतिरबाट केटा, अर्कोतिरबाट केटी नयाँ नयाँ चालमा आउने, अनौठा हाउभाउ देखाएर ढल्कीढल्की हिँडेका दृश्य अनुकरणीय थियो । विभिन्न खेलहरू, योगाहरू, व्यायामहरूलगायतका अति धेरै प्रस्तुतिले सबैलाई चकित बनायो । ८/९ वर्षका केटाकेटीले कक्षा ९/१० मा पढ्नेहरूको भन्दा राम्रो प्रस्तुतिले सिकाइमा उमेरले फरक नपार्ने रहेछ, सानो उमेरमा छिटो सिकाइ हुने रहेछ भन्ने देखाएको थियो । कुन बच्चाको इच्छा, चाहना, रुचि के छ त्यो बुझेर शिक्षकले सहजीकरण गर्न सकेमा सुनमा सुगन्ध हुने थियो ।

भक्तपुर जिल्ला कला, संस्कृति र सम्पदामा धनी त थियो नै अब विस्तारै शिक्षा क्षेत्रमा अगाडि लम्किरहेको छ । सानासाना स्कूलहरूदेखि कलेज कुशलतापूर्वक सञ्चालन गरेर ख्वप विश्वविद्यालय स्थापना सम्पूर्ण नेपालीहरूको आशाको केन्द्र भएको देखिन्छ । भक्तपुरभित्र पनि भक्तपुर नगरपालिकाले जस्तै अन्य पालिकाहरूले पनि शिक्षा क्षेत्रमा विशेष प्राथमिकता दिएको खण्डमा विश्वविद्यालय स्थापनाको अभियानमा हातेमालो गर्न सके अझै छिटो प्रगति हुनेछ । यसरी विद्यालय जानको लागि तयारी चरणका नानीहरूको अवस्थाले नेपालको भविष्य उज्ज्वल देखिन्छ । हामीले सबै सामुदायिक विद्यालयहरूमा पनि यस्ता रचनात्मक, सृजनात्मक कार्यलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ ।

अहिलेको विद्यमान अवस्थामा थोरै सुधार गर्न सकेमा, शिक्षकहरूको सम्मान, मानमर्यादालाई विशेष प्राथमिकता दिदै व्यावहारिक, सृजनात्मक, सिपमूलक तथा सूचना प्रविधिसम्बन्धी तालिम दिएर सकारात्मक सोचको विकास गराउन सके भविष्य राम्रो देखिन्छ । एउटा सानो बत्तीको चिमको प्रकाशले ठुलो कोठाभरिको अन्धकारलाई हटाएर झल्झलाकार उज्यालो फैलाउन सक्छ, त्यसरी नै सबैभन्दा सानो जिल्ला भक्तपुरले पूरै देशलाई शिक्षाको ज्योति छर्न सकोस् भन्ने शुभकामना !

# एक वर्षअघि र अहिलेको अर्थतन्त्र
# बाह्य क्षेत्र सुध्रियो, आन्तरिक शिथिलता कायमै

काठमाडौँ । कोभिड-१९ महामारी, रुस-युक्रेन तनाव, अस्थिर राजनीतिलगायत कारणले शिथिल बन्दै गएको मुलुकको अर्थतन्त्र बिस्तारै तङ्ग्रिने क्रममा छ । दुई वर्षअघि करिब धराशायीकै अवस्थामा पुगेको अर्थतन्त्रको बाह्य क्षेत्र अहिले सम्हालिएर सहज लयमा छ । तर, सार्वजनिक वित्तका सूचकहरू अहिले पनि सकारात्मक छैनन् । न्यून राजस्व असुली, कमजोर पुँजीगत खर्च, बढ्दो चालु खर्च, बर्सेनि बढिरहेको सार्वजनिक ऋण र त्यसको सावाँ-ब्याजको दायित्वलगायतका समस्या ज्यूँका त्यूँ छन् ।

पुँजी निर्माण र आन्तरिक उत्पादनका क्षेत्रमा लगानी हुन नसक्दा कुल गार्हस्थ उत्पादन (जीडीपी) वृद्धिदर लक्षित अङ्कभन्दा निकै तल छ । बेरोजगारी र युवा पलायनको समस्या हल हुन सकेको छैन । बैङ्क-वित्तीय संस्थामा तरलता सहज भएका ब्याजदर घट्दोक्रममा रहे पनि कर्जाको माग बढ्न सकेको छैन । बढ्दो मुद्रास्फीति र घट्दो बजार मागले उपभोक्ता बजार चलायमान बन्न सकेको छैन । ठूलो लगानी रहेका घरजग्गा र पुँजी बजार क्षेत्रमा पनि उल्लेख्य चमक छैन । यसै सन्दर्भमा पछिल्लो एक वर्ष अवधिमा मुलुकको आर्थिक तथा वित्तीय सूचकमा देखिएका परिवर्तनलाई राससले तुलनात्मक समीक्षा गरेको छ ।

**बाह्य क्षेत्र**

गत असार मसान्तमा रु. १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १९ दशमलव नौ प्रतिशतले वृद्धि भई माघ मसान्तमा रु. १८ खर्ब ४४ अर्ब ९४ करोड पुगेको छ । गत वर्षको यही अवधि अर्थात् २०७९ माघ मसान्तमा विदेशी विनिमय सञ्चिति रु. १३ खर्ब ८३ अर्ब ३३ करोड पुगेको थियो ।

चालु आर्थिक वर्षको सात महिनाको आयातलाई आधार मान्दा बैङ्किङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४ दशमलव सात महिनाको वस्तु आयात र १२ दशमलव तीन महिनाको वस्तु तथा सेवा आयात धान्न सक्छ । जबकि, गत आर्थिक वर्ष २०७९/८० को माघ मसान्तसम्ममा १० दशमलव आठ महिनाको वस्तु आयात र नौ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने विदेशी मुद्रा सञ्चिति थियो । अहिले विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ उत्पादनसँगको अनुपात ३४ दशमलव तीन प्रतिशत छ । गत वर्ष माघ मसान्तसम्ममा यस्तो अनुपात २५ दशमलव एक प्रतिशत थियो ।

**चालु खाता एवम् शोधनान्तर स्थिति**

गत आर्थिक वर्ष २०७९/८० को माघ मसान्तसम्ममा रु. २९ अर्ब ६४ करोडले घाटामा रहेको चालु खाता अहिले रु. एक खर्ब ६१ अर्ब ६९ करोडले बचतमा छ । गत वर्षको माघ मसान्तसम्ममा रु. एक अर्ब ४ करोड खुद प्रत्यक्ष वैदेशिक लगानी मुलुकले भित्र्याएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रु. पाँच अर्ब १८ करोड छ । त्यसैगरी, विसं २०७९ माघ मसान्तमा शोधनान्तर स्थिति रु. एक खर्ब ३३ अर्ब २१ करोडले बचतमा रहेकोमा २०८० माघ मसान्तमा शोधनान्तर स्थिति रु. दुई खर्ब ९७ अर्ब ७२ करोडले बचतमा छ ।

**विप्रेषण आप्रवाह**

गत आर्थिक वर्ष २०७९/८० को सुरुवाती सात महिना अर्थात् माघ मसान्तसम्ममा मुलुकले रु. ६ खर्ब ८९ अर्ब ८८ करोड विप्रेषण भित्र्याएको थियो । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा विप्रेषण आप्रवाह रु. आठ खर्ब ३९ अर्ब पुगेको छ । अघिल्लो आवको सुरुवाती सात महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा भित्रिएको रेमिट्यान्स २१ दशमलव ६ प्रतिशतले वृद्धि हो ।

**वैदेशिक व्यापार**

चालु आर्थिक वर्षको सुरुवाती सात महिनामा कुल वस्तु निर्यात सात दशमलव एक प्रतिशतले कमी आई रु. ८६ अर्ब ८३ करोड कायम भएको छ । गत आर्थिक वर्षको माघ मसान्तसम्ममा नेपालले कुल रु. ९३ अर्ब ४३ करोड बराबरको वस्तु निर्यात गरेको थियो । गत वर्षको तुलनामा निर्यात मात्र नभई आयात पनि घटेको छ । गत आर्थिक वर्ष २०७९/८० को सात महिनामा कुल रु. नौ खर्ब १९ अर्ब १७ करोड बराबर रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रु. आठ खर्ब ९७ अर्ब ९४ करोड कायम भएको छ ।

**सरकारी वित्त**

गत आर्थिक वर्ष २०७९/८० को सात महिनामा सङ्घीय सरकारको कुल खर्च रु. ६ खर्ब ६७ अर्ब ६६ करोड थियो । जसमध्ये चालु खर्च रु. पाँच खर्ब ३१ अर्ब ५० करोड, पुँजीगत खर्च रु. ६६ अर्ब ३० करोड र वित्तीय व्यवस्थातर्फको खर्च रु. ६९ अर्ब ८६ करोड थियो । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा सरकारको कुल खर्च रु. खर्ब ८६ अर्ब ७५ करोड पुगेको छ । यो अवधिसम्मको चालु खर्च रु. पाँच खर्ब ९ अर्ब ४ करोड, पुँजीगत खर्च रु. ६३ अर्ब ५८ करोड र वित्तीय व्यवस्थातर्फको खर्च रु. एक खर्ब १४ अर्ब १३ करोड रहेको छ । अर्थात् गत वर्षको तुलनामा यस वर्ष चालु र पुँजीगत शीर्षकको खर्च घटेको छ भने वित्तीय व्यवस्था शीर्षकको खर्च बढेको छ । वित्तीय व्यवस्था शीर्षकमा छुट्याइएको बजेट सार्वजनिक ऋणको सावाँ ब्याज तिर्न खर्च हुने गरेको छ ।

गत वर्षको तुलनामा यस वर्ष राजस्व सङ्कलनमा पनि प्रगति देखिँदैन । गत आर्थिक वर्षको सात महिनामा सरकारले कर राजस्वतर्फ रु. चार खर्ब ६४ अर्ब १९ करोड र गैरकर राजस्वतर्फ रु. ५० अर्ब ५० करोड गरी कुल रु. पाँच खर्ब १४ अर्ब ६९ करोड राजस्व परिचालन भएको देखिन्छ । चालु आर्थिक वर्षको सोही अवधिमा समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने कर राजस्व रु. पाँच खर्ब १० अर्ब ५० करोड र गैरकर रु. ५६ अर्ब ९१ करोड गरी कुल रु. पाँच खर्ब ६७ अर्ब ४० करोड राजस्व परिचालन भएको छ ।

विसं २०७९ माघ मसान्तमा नेपाल राष्ट्र बैङ्कमा रहेका सरकारका विभिन्न खातामा रु. दुई खर्ब ४ अर्ब ९२ करोड नगद रहेकोमा गत माघ मसान्तसम्ममा रु. दुई खर्ब १५ अर्ब २६ करोड नगद मौज्दात छ ।

**मुद्रास्फीति**

मुद्रास्फीति वृद्धिदर गत वर्षको तुलनामा केही घटेको छ । गत आर्थिक वर्षको माघ मसान्तसम्ममा वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति सात दशमलव ८८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा पाँच दशमलव ०१ प्रतिशत छ ।

**सेवा क्षेत्र**

चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा खुद सेवा आय रु. ३७ अर्ब २६ करोडले घाटामा छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रु. ३८ अर्ब ४५ करोडले घाटामा थियो । गत आर्थिक वर्षको सुरुवाती सात महिनामा विदेश भ्रमणका लागि नेपालबाट रु. ६२ अर्ब ५७ करोड बाहिरिएको थियो । चालु आर्थिक वर्षको सोही अवधिमा भ्रमण व्यय ४९ दशमलव नौ प्रतिशतले बढेर रु. एक खर्ब ४ अर्ब ७५ करोड पुगेको छ । विदेशमा पढ्नका लागि नेपाली विद्यार्थीले गर्ने खर्च अर्थात् शिक्षातर्फको व्यय चालु आर्थिक वर्षको सात महिनामा रु. ६६ अर्ब ६४ करोड छ । गत आर्थिक वर्षको सुरुवाती सात महिनामा यस्तो खर्च रु. २२ अर्ब ६० करोड बराबर थियो ।

**विनिमय दर**

विसं २०८० असार मसान्तको तुलनामा विसं २०८० माघ मसान्तमा अमेरिकी डलरसँग नेपाली मुद्रा एक दशमलव ०५ प्रतिशतले अवमूल्यन भएको छ । गत माघ मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. एक सय ३२ दशमलव ५६ पुगेको छ । विसं २०७९ माघ मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. एक सय ३१ दशमलव ७० पुगेको छ ।

**निक्षेप र कर्जा परिचालन**

गत वर्ष २०७९ को माघ मसान्तसम्ममा बैङ्क तथा वित्तीय संस्थाबाट परिचालन भएको निक्षेप रु. दुई खर्ब ५३ अर्ब ९७ करोड रहेकोमा २०८० माघ मसान्तसम्ममा रु. तीन खर्ब ९७ अर्ब २० करोड रहेको छ । त्यस्तै, गत वर्षको सुरुवाती सात महिनामा बैङ्क तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु. एक खर्ब ४८ अर्ब १२ करोड रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा समीक्षा अवधिमा रु. एक खर्ब ९७ अर्ब २१ करोड बराबर कर्जा प्रवाह भएको छ ।

**ब्याजदर**

विसं २०७९ मा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर नौ दशमलव ७९ प्रतिशत रहेकोमा अहिले घटेर २०८० माघसम्म पुग्दा तीन दशमलव ३४ प्रतिशत रहेको छ । बैङ्क तथा वित्तीय संस्थाहरूबिचको अन्तर बैङ्क कारोबारको भारित औसत ब्याजदर २०७९ माघमा पाँच दशमलव २९ प्रतिशत रहेकोमा २०८० माघमा तीन दशमलव ०४ प्रतिशत रहेको छ । विसं २०८० माघमा वाणिज्य बैङ्कहरूको औसत आधारदर नौ दशमलव ०६ प्रतिशत, विकास बैङ्कहरूको ११ दशमलव १३ प्रतिशत र वित्त कम्पनीहरूको १२ दशमलव ७० प्रतिशत रहेको छ । अघिल्लो वर्षको माघमा वाणिज्य बैङ्कहरूको औसत आधार दर १० दशमलव ७२ प्रतिशत थियो । ***रासस***

# श्रमिक महिला दिवसमा 'केटीहरू' बुलेटिनको अन्तरक्रिया

सुर्खेत, ३० फागुन । नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति सुर्खेतको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा 'केटीहरू' बुलेटिन अङ्क १६ को अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नर्मा गुरुङले समाजवादी व्यवस्थामा मात्र महिलाहरूले अधिकार पाउने भएकाले सम्पूर्ण कामदार महिला सचेत र सङ्गठित हुनुपर्ने बताउँदै भियतनाम, कोरिया, क्युवा र चीनलगायतका देशमा भएको क्रान्तिमा महिलाहरूको योगदान महत्त्वपूर्ण रहेको चर्चा गर्नुभयो ।

आज प्यालेस्टिनमा इजरायलले अस्पतालमा उपचार गरिरहेका सुत्केरी महिला, निर्दोष बालबालिकाहरूलाई हत्या गरिरहेको छ, त्यो साम्राज्यवादीहरूको मानवीय काम नभएको भन्दै उहाँले सम्पूर्ण कामदार महिलाहरू एक भई अधिकारका लागि सङ्घर्ष गर्ने बेला आएको छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले कामदारवर्गका महिलाहरूको वास्तविक स्वतन्त्रता समाजवादी व्यवस्थामा मात्र हुने बताउँदै आदिम साम्यवादमा सबै समान रहेको तर सामन्तवाद र पुँजीवादले श्रमिक महिलालाई दास बनाएको चर्चा गर्नुभयो । विभिन्न अन्धविश्वासका कारण महिलालाई दमन र शोषण गर्दै आइरहेको उल्लेख गर्दै उहाँले आज पनि कामदार महिलाले पूर्ण अधिकार पाएका छैनन् भन्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतका जिल्ला अध्यक्ष तुलसी खड्काको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर समितिका अध्यक्ष शेरबहादुर शाही, नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापा, नेक्राकिसङ्घका केन्द्रीय सदस्य प्रेम थापा, नेक्रामजदुरसङ्घका केन्द्रीय सदस्य अकल राना, नेपाल मजदुर किसान पार्टी चामुण्डा दैलेख नगर समिति अध्यक्ष निरकबहादुर शाही, नेपाल क्रान्तिकारी मजदुर सङ्घका जिल्ला संयोजक निरक शाही, नेपाल क्रान्तिकारी किसान सङ्घका पुष्पा राना, शिक्षक सङ्घका इन्द्रप्रसाद न्यौपाने, महिला सङ्घका बिजुकला राना, जानकी सुनार, कल्पना शाह, सपना शाही र अङ्गबहादुर शाहीले पनि बोल्नुभएको थियो ।

# वर्गीय मुक्तिको निम्ति एकजुट हुनुपर्ने

दैलेख, ३० फागुन । ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी आठविस नगर समितिको आयोजनामा आठविस नगरपालिका वडा नं ८ तिलेपाटामा बुधबार कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा जिल्ला समिति दैलेखका सदस्य शेरबहादुर विकले विश्वका क्रान्तिकारी महिलाहरूले आफ्नो हक र अधिकारका लागि न्यायिक सङ्घर्ष गरेको चर्चा गर्दै नेपाली दिदीबहिनीहरूले क्रान्तिकारी महिलाहरूको जीवन सङ्घर्षबाट पाठ सिक्दै वर्गीय मुक्तिको बाटोमा एकजुट हुनुपर्छ भन्नुभयो ।

नेमकिपा आठविस नगर समितिका अध्यक्ष जयबहादुर सिजापतिले शासनमा रहेका कम्युनिस्ट पार्टीहरूको चरित्र सामन्ती र पुँजीवादी चरित्रसँग मिल्दोजुल्दो भएकोले तिनीहरूबाट कामदार जनताको हितमा सकारात्मक परिवर्तन नहुने बताउनुभयो ।

कार्यक्रममा रणबहादुर कठायत, रामबहादुर बडुवाल, नवीन बडुवाल, जलु ठ्याइत र इन्द्रसरा बडुवालले पनि बोल्नुभएको थियो ।

**विश्वासको....**

सञ्चारमाध्यममा आएकै हो । राजनीतिक अस्थिरताले सत्तामा फेरबदलमात्र होइन देशको विकासमै नकारात्मक अवसर परिरहेको छ । सङ्घीय सरकारमा देखिएको यो असरले प्रदेशमा पनि छोएको छ । प्रदेश सरकार फेर्नेबित्तिकै फेरि आफू अनुकूल सरकारी नीति तथा कार्यक्रम र बजेट नै फेरिरहेको छ । देशमा देखिएको यो अस्थिर र विकृत राजनीतिले देशमा विकास नभएको हो, देश झन्झन् परनिर्भर बन्दै गएको हो । यसतर्फ शासकहरूको घैंटोमा कहिले घाम लाग्ने हो ?


## हार्दिक समवेदना



जन्म
१९९४।१०।०६

निधन
२०८०।११।२३

यस उदय बचत तथा ऋण सहकारी संस्था लि.का युवा तथा सांस्कृतिक उपसमितिका सदस्य सत्यराज दुवालका पूजनीय माता **नानीबेटी दुवाल**को दुःखद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**उदय बचत तथा ऋण सहकारी संस्था लि.**
लिबाली–८, भक्तपुर



## हार्दिक समवेदना



जन्म
२००५।०२।०५

निधन
२०८०।११।२५

यस समूहका साथी उत्तम सुवालका पूजनीय पिता **मिश्रीभक्त सुवाल**को असामयिक निधन भएको आज सातौं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**फेमलि ढुकु ६ गते समूहका साथीहरू**

| | | |
|---|---|---|
| रामसुन्दर दुवाल | रामप्रसाद कोजु | श्यामप्रसाद कोजु |
| जयराम ह्योमिखा | विज्ञान स्यामा | उत्तम सुवाल |
| संजय माक | रस्किन कोजु | संजीव खाइजु |
| एलिस कुस्मा | जोसन मचामसी | अनुप गाईजु |
| विक्रम वमनु | अर्जुन सुवाल | सुमन बेकोजु |



## भक्तपुर नगरपालिका
## ख्वप अस्पताल भवन निर्माण आयोजना
च्याम्हासिंह, भक्तपुर–९

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति (२०८०/१२/०१)

भक्तपुर नगरपालिकाअन्तर्गत ख्वप अस्पताल भवन निर्माण आयोजनाको लागि आवश्यक Hospital Furniture सामानसहित कार्य गर्न प्रकाशित सूचनाअनुसार रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरूमध्येबाट देहायबमोजिम दरभाउपत्र स्वीकृत गर्न मिति २०८०/११/२९ गते बसेको बोलपत्र मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) अनुसार सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.न | विवरण | किसिम | कबोल रकम रू. भ्याटबाहेक | सारभूतरूपमा प्रभावग्राही फर्म तथा कम्पनी |
|---|---|---|---|---|
| 1. | Hospital Furniture Work with Material | सिलबन्दी दरभाउपत्र | ११,१०,७०३।३० | S.P. Group Of Engineering & Associated Pvt. Ltd. (Kathmandu.) |



## भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फो. नं. ६६१४६८६

## ब्याजदर परिवर्तनसम्बन्धी सूचना

अहिले वित्तीय क्षेत्रमा भइरहेको ब्याजदर परिवर्तनलाई ध्यानमा राखी बजारको विश्लेषण गरी संस्थाको सञ्चालक समितिको निर्णयअनुसार संस्थाले पनि २०८० चैत १ गतेदेखि लागु हुने गरी तपसिलबमोजिम बचत शीर्षक तथा ऋण शीर्षकमा नयाँ ब्याजदर कायम गरिएको सबै शेयर सदस्य तथा शुभचिन्तकहरूमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बचत शीर्षकमा | नयाँ ब्याजदर |
|---|---|---|
| १ | नियमित बचत | ७ % |
| २ | बाल बचत | ७ % |
| ३ | दैनिक बचत | ५ % |
| ४ | आकस्मिक बचत | ५.५ % |
| ५ | भक्तपुर आकस्मिक बचत | ५.५% |
| ६ | आवधिक/भ.आवधिक बचत ३ महिने | ७ % |
| ७ | आवधिक/भ.आवधिक बचत ६ महिने | ८ % |
| ८ | आवधिक/भ.आवधिक बचत १ वर्षे | ८.५ % |
| ९ | ज्येष्ठ नागरिक बचत | ९.५ % |
| **क्र.सं.** | **ऋण शीर्षकमा** | **नयाँ ब्याजदर** |
| १ | व्यवसायिक तथा औद्योगिक ऋण | १२ % |
| २ | कृषि ऋण | ११ % |
| ३ | घर निर्माण (किस्ताबन्दी) ऋण | ११ % |
| ४ | शैक्षिक धित्तो ऋण | ११ % |
| ५ | घरजग्गा तथा अन्य ऋण | १३ % |
| ६ | सवारी साधन किस्ताबन्दी ऋण | १३ % |
| ७ | शैक्षिक प्रमाणपत्र जमानी ऋण | १३ % |
| ८ | दैनिक जमानी ऋण | १४ % |
| ९ | धन जमानी ऋण | १० % |
| १० | आवधिक जमानी ऋण | थप ३ % |

***पुनश्च: ऋणको ब्याजदर नयाँ ऋण तथा नवीकरण हुने ऋणमा लागु हुनेछ ।***

## सदस्य पहिचान फाराम (KYM) अद्यावधिक गर्नेसम्बन्धी सूचना

सम्पत्ति शुद्धीकरणसम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी निर्देशनको दफा ३ ले निर्देश गरेबमोजिम सदस्य पहिचान फाराम अनिवार्य अद्यावधिक गर्नुपर्ने भएकोले सम्पूर्ण सदस्यहरूले सदस्य पहिचान फाराम (KYM) अद्यावधिक गरिदिनुहुन अनुरोध गर्दछ ।

**आवश्यक कागजातहरू :**

१) नागरिकताको फोटोकपि १ प्रति २) पासपोर्ट साइजको फोटो १ वटा



## सेन्ट्रल फाईनान्स लिमिटेडको २७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशितः २०८०/१२/०१

यस वित्तीय संस्थाको मिति २०८० साल फाल्गुन ३० गते बसेको सञ्चालक समितिको ३३६ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको २७ औं वार्षिक साधारण सभा निम्न विषयमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, समय र स्थान :**

मिति : २०८० साल चैत्र २३ गते शुक्रबार ।
समय : बिहान १०.०० बजे
स्थान : सेन्ट्रल फाईनान्स लि., केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुर ।

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने वार्षिक प्रतिवेदन पारित गर्ने बारे ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० साल असार मसान्तको वासलात तथा मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने बारे ।
३. लेखा समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

**(ख) विशेष प्रस्ताव**

१. संस्थाको नियमावलीको नियम १९(४) मा संशोधन गर्नेबारे ।
२. संस्थाको नियमावलीको प्रस्तावित संशोधनमा नियमन निकायबाट कुनै निर्देशन वा सुझाव दिएमा सोही अनुरुप आवश्यक समायोजन गर्न संस्थाको सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्नेबारे ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी**

१. यस वित्तीय संस्थाको २७ औं वार्षिक साधारण सभाको लागि कम्पनीको शेयर नामसारी, दाखिला खारेज कार्य मिति २०८०/१२/०९ गते बन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द हुनुभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोबार भई नियमानुसार नामसारी, दाखिल खारेज भई आएका शेयरधनीहरुले मात्र साधारण सभामा सहभागिता जनाउन, मतदान गर्न सक्ने छन् ।
२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधिपत्र (प्रोक्सी फारमहरु) सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समयभित्र दर्ता गरी सक्नुपर्नेछ ।
३. कम्पनीको आर्थिक विवरण समयभित्र प्राप्त नभएमा शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.centralfinance.com.np तथा केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुरबाट प्राप्त गर्न सकिने छ ।
४. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयमा साधारण सभाको मितिभन्दा कम्तीमा सात (७) दिन अगावै कम्पनीको कार्यालय मार्फत कम्पनीका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ ।
५. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा जिज्ञासाको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।
६. सभा सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालयः कानदेवस्थान, कुपण्डोल, ललितपुर, फोन नं. ०१–५९७०००५


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा